# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## टोखा नगरपालिका
## काठमाडौं

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## टोखा नगरपालिका
## काठमाडौं

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

टोखा नगरपालिका

काठमाडौं

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(वाग्मती प्रदेश)

मितिः२०८१।२।१४

प.सं. २०८०।८१

च.नं. २०६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,

टोखा नगरपालिका,नगरकार्यपालिकाको कार्यालय,

काठमाडौं ।

१. **कैफियत सहितको राय —** हामीले टोखा नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू ४ करोड २६ लाख ८५ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु ४ लाख ४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू १२ लाख ४७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड १६ लाख ४ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ९८ लाख ३३ हजार समेत रु ४ करोड २२ लाख ८० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.१५ करोड ४ लाख ६६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१८ करोड ६९ लाख ७० हजार रहेको छ । टोखा नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने टोखानगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी न पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(शंकर प्रसाद पन्थी )**

**नायब महालेखापरीक्षक**

टोखा नगरपालिका,

काठमाडौं जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७१ | १३ | ४२६८६ | ० | ५ | ४०५ | ७१ | ९ | ४२२८१ | ११८७ | २१६०५ | १९४८९ | ० | ० | ४२२८१ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काठमाडौ | १५०४६६ | ० | ५७७७ | १४४६८९ | ० | ४२२८१ | १८६९७० |

## ३. बेरुजु सम्परीक्षणको विवरण

(रु. हजारमा)

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | ५ | असुल प्रमाण पेश भएको | ६.२ |
| | २०७९।८० | ३८ | आवश्यक कागजात प्रमाण | ८५ |
| | २०७९।८० | ४५ | असुल प्रमाण पेश गरेको | ४.५ |
| | २०७९।८० | ५७ | असम्बन्धित व्यक्तिलाई भुक्तानी | २०.५ |
| | २०७९।८० | ५८ | नगरसभाबाट नियमित भइ आएको आधारमा | २८.५६ |
| | २०७९।८० | ७८ | कागजात प्रमाण पेश | २६०.१५ |
| | **चालु वर्षको जम्मा** | | | **४०५** |
| | **गत विगत वर्षतर्फको** | | | |
| | २०७७।७८ | विभिन्न | असुलि तथा प्रमाण | ५७७७ |
| | **गत विगतको जम्मा** | | | **५७७७** |
| | **कुल जम्मा** | | | ६१८२ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

१ **(क) कार्यालय परिचय -** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।७।२० देखि २०८०।८।६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको आय व्ययतर्फ रु. २,८२,८२,६९,७२५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूचि -१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकिकृत आर्थिक विवरण -** आ.व ०७९।०८०को पालिकाले दिएको एकिकृत आर्थिक विवरण देहाय वमोजिम रहेको छ ।

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |
| १. | **गत वर्षको जिम्मेवारी** | | १. | **चालु** | ५३३९५७२२९।८७ |
| | बैंक मौज्दात | ९२०९९६०१३।५३ | २. | **पूँजीगत** | ८६६८२७५६१।२१ |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | यस वर्षको धरौटी आम्दानी | १५३६२६०५।४२ | ३. | **धरौटी फिर्ता** | ८३३२५७५।९१ |
| ३. | **आन्तरिक राजश्व आम्दानी** | | ४. | **कोष खर्च** | |
| | आन्तरिक राजश्व | २३६७९२८६१।२२ | | मर्मत सम्भार कोष | |
| | राजश्व बाँडफाँड प्रदेश सरकार | २४५१२७४३९।८० | | प्रकोप व्यवस्थापन कोष | |
| | लागत सहभागिता | १०३९०४८०।३२ | | अन्य व्यय | १३८४९८३।०० |
| | राजश्व बाँडफाँड संघीय सरकार | ८१९६९४३६।०५ | | कर्मचारी कल्याण कोष | |
| | राजश्व बाँडफाँड स्थानीय सरकार | १५०६०६०।७५ | | राजश्व बाँडफाँड स्थानीय सरकार | |
| | अन्य आय | १६८४९८३।०० | ५. | **<u>मौज्दात</u>** | |
| ४. | **संघीय सरकारबाट प्राप्त अनुदान** | | | बैंक मौज्दात | ६१०५३८९३३।२६ |
| | वित्तीय समानिकरण अनुदान | २५३९१२५००।०० | | धरौटी मौज्दात | ३३८९६५६८।५३ |
| | सशर्त अनुदान | १९१४५२९९८।७९ | | कल्याण कोष खाता | १९४५७०३८।०० |
| | समपुरक अनुदान | १०४४८४४६।०० | | प्रकोप व्यवस्थापन खाता | ३६१२९१८।०० |
| | विशेष अनुदान | ०।०० | | मर्मत सम्भार खाता | |
| ५. | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | |
| | वित्तीय समानिकरण अनुदान | २७८५४०००।०० | | | |
| | सशर्त अनुदान | १६०६८४०५।०० | | | |
| | समपुरक अनुदान | १८२३१३५७।०० | | | |
| | विशेष अनुदान | ३२५०५५२।०० | | | |
| ६. | **विभिन्न कोष तर्फको आय** | | | | |
| | मर्मत सम्भार कोष | | | | |
| | प्रकोप व्यवस्थापन कोष | | | | |
| | कर्मचारी कल्याण कोष | ५००००००।०० | | | |
| ७. | **विषयगत निकायबाट प्राप्त रकम** | | | | |
| | सडक बोर्ड नेपाल | | | | |
| | जिल्ला समन्वय समिति | ३७९५९६६८।९० | | | |
| | | | | | |
| | **जम्मा** | २०७८००७८०७।७८ | | **जम्मा** | २०७८००७८०७।७८ |

३ **सामाग्री मौज्दात -** पालिका को वडा नं ९ मा वडाअन्तर्गतका करदातालाई वितरण गर्ने उद्देश्यले विनियोजित बजेटबाट ३५०० थान सपिङ व्याग खरिद गरि रकम रु तीन लाख रकम बराबरको खर्च गरेको देखिएको छ । खरिद गरिएका ३५०० थान सपिङ व्याय मध्ये १२११ थान मात्र वितरण गरिएको छ भने बाँकी २२८९ थान सपिङ व्याग बडा कार्यालयमा नै मौज्दात रहेको देखिएको छ ।यसरि खर्च को प्रक्षेपण विना नै सामाग्री खरिद गरी स्टोरमा मौज्दात रहदा जुन उद्देश्यले खर्च गर्न खोजिएको हो सोको मर्म पूरा नहुने हुँदा आगामि दिनमा खर्च गर्दा लाभ लागत विश्लेषण तथा सरोकारवाला हरुको पहिचान गरेर मात्र मात्र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानु जरुरी देखिन्छ ।

४ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ।नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।नगरपालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | २१७०३३३८४१.०० | ११५०३२६८११.२५ | | ११५०३२६८११.२५ | १४०१८८८१९८.१९ | | १४०१८८८१९८.१९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | २१४५१५२०००.०० | ११३४९६४२०५.८३ | ०.०० | ११३४९६४२०५.८३ | १३८८४६११५६.९५ | ०.०० | १३८८४६११५६.९५ |
| ११००० कर | ११ | ५१६०६५०९६.९६ | ४७१३१४९८३.६६ | ०.०० | ४७१३१४९८३.६६ | ७८६८८१३२४.८५ | ०.०० | ७८६८८१३२४.८५ |
| १३००० अनुदान | | ६३९२७६०००.०० | ५६९५६८४०८.०१ | ०.०० | ५६९५६८४०८.०१ | ५१०६४६९२३.३९ | ०.०० | ५१०६४६९२३.३९ |
| संघीय सरकार | १२ | ५०८१४५०००.०० | ४५५८१३९४४.७९ | ०.०० | ४५५८१३९४४.७९ | ४४७७६८१२५.५३ | ०.०० | ४४७७६८१२५.५३ |
| प्रदेश सरकार | १२ | ९०१३१०००.०० | ६५४०४३१४.०० | ०.०० | ६५४०४३१४.०० | ५०७४७७६८.०६ | ०.०० | ५०७४७७६८.०६ |
| अन्तरिक श्रोत | | ३००००००.०० | ३७९५९६६८.९० | ०.०० | ३७९५९६६८.९० | ०.०० | ०.०० | ०.०० |
| जनसहभागिता | | ११००००००.०० | १०३९०४८०.३२ | ०.०० | १०३९०४८०.३२ | १२१३१०२९.८० | ०.०० | १२१३१०२९.८० |
| १४००० अन्य राजस्व | | ११३५००००००.०० | ९४०१८३५४.१६ | ०.०० | ९४०१८३५४.१६ | ८६२०८६३१.२५ | ०.०० | ८६२०८६३१.२५ |
| १५००० विविध प्राप्ति | | २००००००.०० | ६२४६०.०० | ०.०० | ६२४६०.०० | ४७२४२७७.४६ | ०.०० | ४७२४२७७.४६ |
| ३२००० वित्तीय सम्पत्ति | | ८७४३१०९०३.०४ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | | २५१८१८४१.०० | १५३६२६०५.४२ | | १५३६२६०५.४२ | १३४२७०४१.२४ | | १३४२७०४१.२४ |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | २५१८१८४१.०० | ०.०० | ०.०० | ०.०० | ५७७०००.०० | ०.०० | ५७७०००.०० |
| धरौटी | | ०.०० | १५३६२६०५.४२ | ०.०० | १५३६२६०५.४२ | १२८५००४१.२४ | ०.०० | १२८५००४१.२४ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | २१७०३३३८४१.०० | १४१०५०२३४९.९९ | | १४१०५०२३४९.९९ | १२२११५१६५६.०८ | | १२२११५१६५६.०८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | २१४५१५२०००.०० | १४००७८४७९१.०८ | | १४००७८४७९१.०८ | १२१०७३६४९९.१५ | | १२१०७३६४९९.१५ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २१८७१२०००.०० | १८६८५२४८४.५७ | ०.०० | १८६८५२४८४.५७ | १६८२७१७९०.५४ | ०.०० | १६८२७१७९०.५४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ४४५६७४०००.०० | ३०८४९७८००.३८ | ०.०० | ३०८४९७८००.३८ | २३०११४९६२.७७ | ०.०० | २३०११४९६२.७७ |
| २५००० सहायता (Subsidy) | १८ | ३३१३२०००.०० | २००३४५३४.०० | ०.०० | २००३४५३४.०० | २६६५९४३४.०० | ०.०० | २६६५९४३४.०० |
| २६००० अनुदान | १८ | १००००००.०० | ०.०० | ०.०० | ०.०० | २७४७३७५८.०० | ०.०० | २७४७३७५८.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | २०६९००००.०० | ११६५२४६३.०० | ०.०० | ११६५२४६३.०० | २५३६०७८५.०० | ०.०० | २५३६०७८५.०० |
| २८००० अन्य खर्च | १८ | १२६५००००.०० | ६९१९९४७.९२ | ०.०० | ६९१९९४७.९२ | १११३९६८०.७० | ०.०० | १११३९६८०.७० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १४१३२९४०००.०० | ८६६८२७५६१.२१ | ०.०० | ८६६८२७५६१.२१ | ७२१७१६०८८.१४ | ०.०० | ७२१७१६०८८.१४ |
| घ. अन्य भूक्तानी | | २५१८१८४१.०० | ९७१७५५८.९१ | | ९७१७५५८.९१ | १२२११५१६५६.०८ | | १२२११५१६५६.०८ |
| कोषहरु | | २५१८१८४१.०० | १३८४९८३.०० | ०.०० | १३८४९८३.०० | ४३३१९३५.०० | ०.०० | ४३३१९३५.०० |
| धरौटी | | ०.०० | ८३३२५७५.९१ | ०.०० | ८३३२५७५.९१ | ६०८३२२१.९३ | ०.०० | ६०८३२२१.९३ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | | (२६०१७५५३८.७४) | | (२६०१७५५३८.७४) | १८०७३६५४२.११ | | १८०७३६५४२.११ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९२७५५९३१४.०३ | | ९२७५५९३१४.०३ | ७३९४०४०६०.०८ | | ७३९४०४०६०.०८ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ६६७३८३७७५.२९ | | ६६७३८३७७५.२९ | ९२०१४०६०२.१९ | | ९२०१४०६०२.१९ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ६६७५०५४५७.७९ | | ६६७५०५४५७.७९ | ९२०९९६०१३.५३ | | ९२०९९६०१३.५३ |

उल्लेखित वित्तीय विवरणमा देहाय बमोजिमको अन्तरसरकारी कारोवार समावेश नभएकोले उक्त वित्तीय विवरणले यथार्थ चित्रण गर्दैन।

| सि नं | विवरण | निकासा / खर्च |
|---|---|---|
| १ | गरिव संग विश्वेश्वर कार्यक्रम | ३९३१००।०० |
| २ | सामाजिक सुरक्षा तथा संरक्षण | १३३३२७१८१।६३ |
| | जम्मा | १३३७२०२८१।६३ |

५ **बढी दरमा बैठक भत्ता -**

*(✓ ...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२० को निर्णयनुसार रु.६२०० ।- सम्परीक्षण गरिएको ।)*

६ **प्रशिक्षक भत्ता -**अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका २०७७ को ७.१.१५ को ४ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट संचालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक सरकारका तह अनुसार छुट्टा छुट्टै

निर्धारण गरेको छ ।नगरपालिका स्तरका कार्यक्रमहरुमा अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ ले निर्धारण गरेको दरभन्दा बढी दरमा प्रशिक्षक भत्ता भुक्तानी गरेको छ ।केही उदारणहरु निम्नानुसार छन्

| गो.भौ.नं. र मिति | कार्यक्रमको नाम | प्रशिक्षकको नाम | सेशन | निर्धारित दर | भुक्तानी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| न।२०७९।१०।०३ | सहकारी वित्तीय व्यवस्थापन तथा लेखा तालिम | ठाकुर गौतम | २० | १६०० | २५०० | १५३०० |
| ७४१।२०७९।१०।०४ | सहकारी सदस्य शिक्षा तालिम | कृष्ण प्रसाद आचार्य | ४ | १६०० | २५०० | ३०६० |
| ३२९।२०७९।०७।०४ | क्षमता अभिवृद्धि कार्यक्रम | निखिल उप्रती | सवैको १।१ वटा गरी ८ वटा | १६०० | २५०० | ६१२० |
| | वडा नं २ | लिलि थापा | | | | |
| | | शिवराज अधिकारी | | | | |
| | | बुद्धिनारायण श्रेष्ठ | | | | |
| | | दिनेश डि. सि | | | | |
| | | पदम बहादुर बुढा | | | | |
| | | विल्सन विक्रम राई | | | | |
| | | माधवप्रसाद तिवारी | | | | |
| ५५८।२०७९।९।४ | तनाव व्यवस्थापन सम्बन्धि अभिमुखिकरण कार्यक्रम | विदुर फुयाल | ६ वटा | १६०० | २५०० | ४५९० |
| ५६१।२०७९।९।४ | लैङ्गिक हिंसा विरुद्धको कार्यक्रम | सविना रिमाल | ३ | १६०० | २५०० | २२९५ |
| ६४६।२०७९।९।१९ | लैङ्गिक तथा प्रजनन स्वास्थ्य तालिम | विष्णुकला भण्डारी | २/ २ वटा गरी ४ वटा | १६०० | २५०० | ३०६० |
| | | अन्जना अर्याल | | | | |
| ८७९।२०७९।१०।२६ | यूवा उद्यमशिलता विकास तालिम | कष्ण अर्जुन वानिया | ७ | १६०० | २५०० | ५३५५ |
| ९२६।२०७९।११।५ | नेतृत्व तथा संस्थागत विकास तालिम | केशव प्र रेग्मि | २/ २ वटा गरी ४ वटा | १६०० | २५०० | ३०६० |
| | | सुशिला ताहामता | | | | |
| ९२६।२०७९।११।५ | अल्जाइमर्स र हेरचाह सम्वन्धि तालिम | भवन सुवेदि | २/ २ वटा गरी ४ वटा | १६०० | २५०० | ३०६० |
| | | मनोहर उप्रेति | | | | |

७ **सहायक प्रशिक्षक -** अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका २०७७ मा कुनै पनि तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित कार्यक्रममा सहायक प्रशिक्षकको कुनै व्यवस्था गरेको छैन। यस नगरपालिकाले आफ्नो कार्यक्रममा सहायक प्रशिक्षक को व्यवस्था गरी प्रति कक्षा १५०० का दरले भुक्तानी गरेको देखियो जसले गर्दा नगरपालिकालाई बढी व्यय भार पर्ने देखियो यस्ता खर्च कटौति गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ । केहि उदारणहरु निम्नअनुसार छन्

| गो.भौ.नं. र मिति | कार्यक्रम | सहायक प्रशिक्षक नाम | पद | कक्षा संख्या | रकम कर काटेर |
|---|---|---|---|---|---|
| ७३०।२०७९।१०।०३ | सहकारी वित्तीय व्यवस्थापन तथा लेखा तालिम | कमला कार्की<br>सुबास सापकोटा | सहकारी अधिकृत<br>कम्युटर अपरेटर | १३*१५००<br>१३*१५०० | १६५७५<br>१६५७५ |
| ७३१।२०७९।१०।०३ | सहकारी व्यवस्थापन तथा क्षमता अभिबृद्धि तालिम | कमला कार्की<br>सुबास सापकोटा | सहकारी अधिकृत | ५*१५००<br>५*१५०० | ६३७५<br>६३७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कम्प्युटर अपरेटर | | |
| ८७९।२०७९।१०।२६ | यूवा उद्यमशिलता विकास तालिम | सरीता खड्का | | ७*१५०० | ८९२५ |
| जम्मा | | | | | ५४८२५ |

८ **अबण्डा वजेट -** स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकिकरणको आधार तयार गरि स्रोत अनुमान तथा सिमा निर्धारणगरि कार्यक्रम सहित आयव्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कुनैपनि कार्यक्रममा सुरुमा बजेट विनियोजन नगरि अवण्डा कार्यक्रम मार्फत विभिन्न शीर्षकमा अबण्डा वजेट राखी नगरप्रमुखको निर्णयबाट देहाए बमोजिम खर्च गरेको छ।

| **क्र स** | **अवण्डा शिर्षक** | **अबण्डा वजेट रु** | **खर्च रु** |
|---|---|---|---|
| १. | विविध मर्मत सम्भार भैपरी | ३००००००।०० | २१५३८२५०।०० |
| २ | लक्षित वर्गका विभिन्न कार्यक्रम | २२७०००००।०० | ७६८९६६३।०० |
| ३ | नगर पुर्वाधार विशेष कार्यक्रम | ४१३६२०००।०० | ३०९६४११४।०० |

बजेट अवण्डा राखी नगरसभाबाट स्वीकृत नभएका योजनाहरुमा नगरकार्यपालिका तथा नगरप्रमुखको निर्णयबाट खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

९ **वडा सञ्चालन खर्च -** मासिक रुपमा वडामा कार्यालय सञ्चालन गर्नका लागि नगरपालिकाबाट रु ४०००० विनियोजन भई सो रकम इन्धनः३००० सञ्चारः३००० पानि विजुलीः ४००० विविधः २०००० र कार्यसञ्चालन वापत रु १०००० जस्ता शिर्षकमा बाँडफाड गरी खर्च गर्ने परिपाटि रहेतापनि वडा कार्यालयहरुले पेट्रोलको कुपन आवश्यक स्टेशनरी तथा अन्य सामाग्री समेत नगरपालिकाको स्टोरबाट बुझ्ने गरेको पाइएको छ । पदाधिकारी को सेवा सुविधामा इन्धन सञ्चार र यातायात समावेश भएतापनि पुन नगरपालिका तथा वडामा पनि उक्त शिर्षकमा खर्च गरेको देखिएकोले सेवा सुविधामा दोहोरो पर्ने गरी खर्च लेखेको देखिएकोले यसरी दोहोरो पर्ने गरी खर्च गर्ने परिपाटीको अन्त्य गर्ने तर्फ नगरपालिका तथा वडा कार्यालयको ध्यान जानु जरुरी देखिन्छ ।

१० **आन्तरिक नियन्त्रण प्रणालि** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था रहेको छ ।आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानूनमा समेत उक्त व्यवस्था उल्लेख छ ।नगरपालिकाको आन्तरिक नियन्त्रण पद्दतिका सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहबाट गरिने कार्यका सम्वन्धमा सम्पमदनगरिने कार्य नियमित, मितव्ययी प्रभावकारी र दक्षतापुर्ण रुपमा सम्पादन गर्नुपर्ने प्रणालीको नगर प्रमुख, जिल्ला समन्वय समिति प्रमुख वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था रहेकोमा नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्थापन गर्न सकेको देखिएन ।

• स्थानीयसरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने व्ववस्था रहेकोमा नगरपालिकाले विगतमा तथ्याङ्क तयार गरेको भएपनि अवधि यकिन गरी अध्यावधिक गरेको पाइएन ।

• यस नगरपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको सुत्र सफ्टवयरले जेनेरेट गरे अनुसारको वार्षिक प्रतिवेदन प्रदेश लेखा इकाई कार्यालयमा पठाउने गरेपनि सो सम्वन्धमा भएका थप प्रगतिका सम्वन्धमा लेखाङ्कन गरेको पाइएन ।

• पालिकाले भुक्तानी अभिलेखका आधारमा सुत्र सफ्टवेयरमा कार्यक्रमगत तथा योजनागत खाता राखेको जनाएपनि बहुबर्षिय योजना स्वीकृत गरी अभिलेखिकरण गरेको देखिएन ।

• नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको देखिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यसको उपयुक्त व्यवस्थापन गरेको देखिएन ।

• नगरपालिकाले जिन्सी सामानकोविवरण तयार गरी सहायक जिन्सी खाता राखेको जानएपनि वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेखमूल जिन्सी खातामा अध्यावधिक गरेको देखिएन ।

• जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको देखिएन साथै सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन ।

• योजना व्यवस्थापनमा सकारात्मक प्रभाव कायम गर्ने गरी वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति

तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरेको देखिएन ।

• नगदी रसिद नियन्त्रण र निक्यौंल गर्न प्रणाली व्यवस्थापन गरेपनि थप सुधार गरेको देखिएन ।

• अधुरा आयोजनाको समिक्षा गरी उपलव्धि मापन गरेको देखिएन । यसबाट अधुरा आयोजनाको कार्यान्वयनमा दिशानिर्देश हुन सकेको देखिएन ।

• ऐनको दफा ३२ अनुसार वित्तिय जोखिम कम गर्न र वित्तिय विवरणलाई विश्वसनिय बनाउन आन्तरिक नियन्त्रण समिति सुदृढ हुनपर्नेमा आन्तरिक नियन्त्रण समिति पूर्णता निष्कृय रहेको देखिन्छ ।

११ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति अषाढ २० गते रु.२ अर्ब ११करोड ५६ लाख ७ हजारको बजेट सभा समक्ष पेशगरेकोमा मिति अषाढ २० मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति अषाढ २६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

१२ **बजेट विनियोजन -** आर्थिक वर्ष २०७९।८० को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको देखिएको छ ।

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| २१४५१५२० ०० | ७३१८५८००० | ३४.११ | १४१३२९४००० | ६५.८९ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु . २१४५१५२००० बजेट विनियोजन भएकोमा चालु तर्फ रु.३४।११ प्रतिशत र पूँजीगत तर्फ रु.६५।८९ प्रतिशत बजेट विनियोजन भएको छ ।

१३ **बजेट तथा पूँजीगत खर्च -** नगरपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ । पालिकाले यस वर्ष पूँजीगत तर्फ रु १४१३२९४००० विनियोजन गरेकोमा रु ८६६८२७५६१.२१ खर्च गरेको छ जुन ६१.३३ प्रतिशत मात्र हुनआउँछ ।

| क.स. | आर्थिक वर्ष | बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९/८० | १४१३२९४००० | ८६६८२७५६१.२१ | ६१.३३ |

यस नगरपालिकाले आ.व २०७९।८० को पूँजीगत तर्फ रु १४१३२९४००० विनियोजन गरेकोमा रु ८६६८२७५६१.२१ खर्च गरेको छ जुन ६१.३३ प्रतिशत मात्र हुनआउँछ ।

१४ **त्रैमासिक खर्च विवरण -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | १९०३६९११ | ७४३५९६ | १२३६००० | ८००००० | १६२५७३१५ | १५५६३८८१ |
| २ | प्रदेश पूँजीगत | २९८३९०९४ | ० | ० | १२६३३६६८ | १७२०५४२६ | १५१५५४२६ |
| ३ | नगरपालिका पूँजीगत | ८१७९५१५५६.२१ | ७४०६३९९० | ८८९३०१५३.८५ | २२३३८२८६६.७५ | ४३१५७४५४५.६१ | २२५२९२८८९.७२ |
| | कूल खर्च | ८६६८२७५६१.२१ | ७४८०७५८६ | ९०१६६१५३।८५ | २३६८१६५३४।७५ | ४६५०३७२८६।६१ | २२५२९२८८९।७२ |
| | खर्च प्रतिशत | | ८।६३ | १०।४० | २७।३२ | ५३।६५ | २५।९९ |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको ५३.६५ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र २५.९९ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैले चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्नमा ध्यान दिनुपर्दछ ।

१५ **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ ।नगरपालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट पुजिगत | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| भवन निर्माण तथा खरिद | २३३१४९००० | १३८२४६९६०.९७ | १५.९५ |
| सडक निर्माण तथा मर्मत | ५२७४४८००० | ३५६४७६६४२.१२ | ४१.१२ |
| विद्युत सरचना निर्माण | ३७३७८००० | १६९४६३६६ | १.९५ |
| खानेपानी सरचना निर्माण | ७३१३२००० | ३८३७८६५७.०८ | ४.४३ |
| वन तथा वातावरण सरक्षण | ३२७००००० | १२७८६३९४ | १.४८ |
| सरसफाइ सरचना निर्माण | ३६२२०००० | २३२२३४८३.८ | २.६८ |
| अन्य सार्वजनिक निर्माण | ३५३८४९००० | २३१४११६१७.२४ | २६.७ |
| अन्य पुजिगत खर्च | ११९४१८००० | ४९३५७४४०. | ५.६९ |
| जम्मा | १४१३२९४००० | ८६६८२७५६१.२१ | १००. |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढि सडक निर्माण तथा मर्मतमा ४१.१२ प्रतिशत, अन्य सार्वजनिक निर्माणमा २६.७० प्रतिशत र भवन निर्माण तथा खरिदमा १५.९५ प्रतिशत रहेको छ । विद्युत संरचना निर्माण तर्फ १.९५ प्रतिशत वन तथा वातावरण संरक्षणमा १.४८ प्रतिशत मात्र रहेको देखियो ।अतःनगरपालिकाको एकिकृत,समानुपातिक तथा दिगो विकासका लागि सबै क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरी खर्च गर्ने क्षमतामा सुधार गर्नुपर्दछ।

१६ **योजना छनौट र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

| **क्र.सं.** | **विवरण** | **योजनासंख्या** | **रकम** |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | १५ | १३८०००० |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | ८७ | २१९६५००० |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ११४ | ५३६२५००० |
| ४ | रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | १६४ | १४३९७५००० |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | १२५ | २१७६५४००० |
| ६ | रू.२५ लाख भन्दा माथी रू.५० लाख सम्मका योजना | ६६ | २६२४१०००० |
| ७ | रू.५०लाख भन्दा माथीका योजना | ३५ | ६०४२०८००० |
| | **जम्मा** | **६०६** | **१३०५२१७०००** |

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ ।

१७ **निर्माण कार्य व्यवस्थापन -** साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ ।

| **योजना संख्या** | **ठेक्का मार्फत** | | **उपभोक्ता समिति मार्फत** | |
|---|---|---|---|---|
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| ४८४ | ३९ | | ४४५ | ५३६६२८७१६।०० |

यस आर्थिक वर्षमा नगरपालिकाले सञ्चालन गरेका कुल योजनामा मध्ये ठेक्का मार्फत ३९ वटा योजनामा भने उपभोक्ता समिति मार्फत सञ्चालित ४४५ योजनामा रु ५३६६२८७१६/- खर्च गरेको छ । योजनामा भएको खर्च मध्ये ८ प्रतिशत ठेक्का प्रक्रिया र ९२ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । नगरपालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेतविचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

१८ **सार्वजनिक जग्गामा भवन निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। नगरपालिकाले पेश गरेको विवरण अनुसार भवन र जग्गाको देहाय बमोजिम छ ।

| क्र.सं. | भवनको विवरण | सम्झौता मिति | सम्झौता गर्ने पदाधिकारी | भवन निर्माण खर्च | कार्य सम्पन्न मिति | जग्गाको किसिम/स्वामित्व | नक्सा पासको अवस्था |
|---|---|---|---|---|---|---|---|
| १ | प्रशासकिय भवन | २०७६-१०-२२ | प्रदिप पौडेल | | २०८०-०३-१४ | आफ्नै+ सरकारी | नक्शा पासको चरणमा |

१९ **न्यायीक समिति -** आर्थिक वर्ष २०७९।८० को नगरपालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेकोछ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| १५ | ३० | ४५ | ३७ | ८ |

२० **कानून निर्माण -**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम,निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा नगरपालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | ११ |
| २. | नियमावली | ७ |
| ३. | कार्यविधि तथा निर्देशिका | ४७ |
| ४. | नीति | ० |
| | **जम्मा** | **६५** |

२१ **सेवा प्रवाह -** पालिकाले यस वर्ष देहायका विषयमा २३१२ जनालाई सेवा प्रवाह गरेको छ ।

| विवरण | जम्मा |
|---|---|

| | |
|---|---|
| जन्मदर्ता | ६९७ |
| मृत्युदर्ता | २५५ |
| बसाईसराई दर्ता | ७८८ |
| विवाह दर्ता | ५२८ |
| सम्बन्धविच्छेद दर्ता | ४४ |

२२ **भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलन** - यस सम्बन्धमा लेखापरीक्षण अवधिसम्म भएका कार्यहरु देहाय बमोजिम रहेका छन् :

| **क्र.स.** | **विवरण** | **घरधुरी संख्या** |
|---|---|---|
| १ | भूमिहिन दलित | १८ |
| २ | भूमिहिन सुकुम्बासी1 | ४७ |
| ३ | अव्यवस्थित बसोबासी | २४३ |
| | **जम्मा निवेदन** | **३०८** |

२३ **तलबी प्रतिवेदन** - स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी पारीश्रमीक कर्मचारी शीर्षकमा रु.४ करोड४७ लाख तलब भुक्तानी गरेको छ भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०७९/८० को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन । अतः उल्लेखित कानूनीलव्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

२४ **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु ५० लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धमा पालिकाबाट आवश्यक कानूनी व्यवस्था भएको छैन।

२५ **नक्सा पास र निर्माण सम्पन्न** - प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष स्वीकृत मापदण्ड अनुसार ३६ वटा सूचीकृत व्यक्ति/फर्मबाट तयार भएका ३१४ भवनको नक्सा पास गरी भवन निर्माण कार्यको अनुमति प्रदान गरेको छ भने निर्माण सम्पन्न भएका वटा भवनहरुको निर्माण सम्पन्न प्रतिवेदन जारी गरेको छ । पालिकाको कार्य क्षेत्र भित्र रही भवन नक्सा तयार गर्ने वटा सूचीकृत व्यक्ति/फर्महरु मध्ये नक्सा पास र निर्माण सम्पन्नको स्थिति देहाय बमोजिम

रहेको छ । पालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छ।

| क्र.सं. | सूचीकृत व्यक्ति | सम्बद्ध फर्मको नाम | स्वीकृत भएको नक्सा संख्या | कैफियत |
| --- | --- | --- | --- | --- |
| १ | ३५ | १ | ३१४ | |
| | **जम्मा** | | **३१४** | |

पालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | आर्थिक वर्ष | नक्सा दर्ता संख्या | नक्सापास संख्या |
| --- | --- | --- | --- |
| १ | २०७९/८० | ३५० | ३१४ |

उपरोक्त विवरण अनुसार यस वर्षको अवधिमा पालिकाले जम्मा ३५० वटा नयाँ नक्सा दर्ता र ३१४वटा नक्सापास गरेको छ । त्यसैगरी पालिकाले नक्सा दर्ता र पास गर्दा भवन संहिताको प्रभावकारी पालना र कार्यान्वयनलाई ध्यान दिंदै नक्सा पालना र अद्यावधिक तथा अभिलेखीकरणको कार्यमा समेत ध्यान दिनुपर्दछ ।

२६ **स्वीकृती बेगरको सफ्टवेयर -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिनुपर्ने व्यवस्था छ ।तर पालिकाले महालेखा नियन्त्रक कार्यालयको स्वीकृती बेगर आन्तरिक आय संकलनका लागि सफ्टटेक इन्फोसेसको एकिकृत कर संकलन प्रणाली नामको सफ्टवेयर प्रयोग गरी यस वर्ष रु.२३ करोड राजस्व आम्दानी गरेको देखाएको छ । त्यसैगरी पालिकाले न्यायीक समितिका लागि न्यायिक इजलास सम्वन्धि कार्यका लागि गौ.भौ.न ८८५।२०७९।१०।२२ बाट स्मार्ट टेक प्रा.लि लाई न्यायीक इजलास सफ्टवेयर तयारको रु४९०४२० भुक्तानी गरेको छ । स्वीकृती बेगरको त्यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा, यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनको विस्वसनीयता र सम्भाव्य जाखिम बारे समेत आश्वसत्त हुन सक्ने अवस्था देखिएन । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

२७ **आन्तरिक र खर्च आयको विश्लेषण -** पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | आन्तरिक आय रु | पालिकाको जम्मा खर्च रु | खर्चको तुलनामा आन्तरीक आयको प्रतिशत |
| --- | --- | --- | --- | --- |
| १ | २०७९।८० | २३६७९२८६१.२२ | १४००७८४७९१.०८ | १६।९० |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु१४००७८४७९१.०८ रहेको छ भने राजश्व संकलन रु २३६७९२८६१.२२गरेको छ ।नगरपालिकाको कुल खर्चमा आन्तरिक आयको हिस्सा १६।९० प्रतिशत हुन आउने देखिन्छ जुन खर्चको तुलनामा आन्तरिक आय न्यून रहेको देखिन्छ ।

२८ **कर संकलन** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ।पालिकाको सुत्र सफ्टवेयर अनुसार यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) |
|---|---|---|---|
| ११३१३ एकीकृत सम्पती कर | ८००००००० | ७६७१३६५०.९१ | ९५.८९ |
| ११३१४ भुमिकर/मालपोत | ४००००००. | २५७०३०१.५७ | ६४.२६ |
| ११३२१ वहाल कर | ५०००००००. | ६४१७९५४५.९४ | १२८.३६ |
| ११३२२ वहाल विटौरी कर | ४०००००. | ३८८८००. | ९७.२ |
| १४२२४ परीक्षा शुल्क | १००००००. | १०७९५००. | १०७.९५ |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | २९०००००. | २७५२१३१.२५ | ९४.९ |
| १४२४२ नक्सापास दस्तुर | ५६३३००००. | ४३५५७७८१.२ | ७७.३३ |
| १४२४३ सिफारिश दस्तुर | २७२७००००. | २४६४७३८८.०६ | ९०.३८ |
| १४२४९ अन्य दस्तुर | २५०००००. | ११९९२७०.५८ | ४७.९७ |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | १५०००००. | ७५१७३१.७१ | ५०.१२ |
| १४६११ व्यवसाय कर | २०००००००. | १८८९०३००. | ९४.४५ |
| १५१११ बेरूजू | २००००००. | ६२,४६०.०० | ३.१२ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ९५५२ प्रतिशत आन्तरिक आय संकलन गरेको देखिन्छ ।नगरपालिकाले संघ र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

२९ **करको दायरा -** आर्थिक वर्ष २०७९/८० मा कर सम्बन्धि विवरण देहायनुसार रहेको छः

| **करको नाम** | **जम्मा करदाता** | **कर तिर्ने करदाता** | **कर तिर्ने करदाताको प्रतिशत** | **करको दायरामा नआएका करदाता** | **कर नतिर्ने करदाताको प्रतिशत** |
|---|---|---|---|---|---|
| सम्पत्ति कर, व्यवसाय कर,भुमी तथा मालपोतकर र अन्य | ३३५८१ | १९०३१ | ५६.६७ | १४५५० | ४३.३३ |

उपरोक्त विवरणबाट ४३.३३ प्रतिशत करदाता करको दायराभन्दा बाहिर रहेको देखियो । पालिकाले विगत वर्षदेखि कर वुझाउन बाँकी रहेका करदाताहरुको अभिलेख र तिर्न बांकी करको लगत व्यवस्थित गरी राखेको पाइएन ।नगरपालिकाका लागि प्रशस्त आय हुने ठुला करदाताहरु जस्तै ग्रान्डी इन्टरनेशन हस्पिटल, ग्रान्डी टावर, देउराली जनता फार्माटिकल,ग्रिनसिटि हस्पिटल लगायतलाई करको दायरामा ल्याउन सकेको दैखिदैन ।अतः नगरपालिका भित्र रहेका सम्पूर्ण करदातालाई करको दायरा, क्षेत्र र करको दर समेतको विश्लेषण गरी नगरपालिकाबाट प्रवाह हुने सेवासँग करदाताको प्रत्यक्ष सम्बन्ध स्थापित हुने गरी नीति तथा कार्यक्रम संचालनमा ध्यान दिनुपर्दछ ।

३० **बालुवा लिलाम विक्रि मार्फत आन्तरिक आय** - यस नगरपालिकाको विभिन्न स्थानहरुमा अबैध रुपमा थुपारिएको बालुवा विक्रि वितरण / उठाउने सम्बन्धि कार्यका लागि मिति २०७९।०५।०५ मा भएको लागत अनुमानको मुल्यांकन बमोजिम ५५२०.३८ घ. मि वालुवाको लागि प्रति घ.मि. ३१७।७९का दरले रु१७,५४,३१९।०० न्युनतम कवोल अंक तोकि बालुवा लिलाम विक्रि सम्वन्धि सुचना मिति २०७९।०५।०८ मा सुचना प्रकाशन भएकोमा कुनैपनि निवेदन नपरेको भनि मिति २०७९।०५।२८ मा वालुवाको परिमाण पुन मुल्यांकन गर्दा ३३०८.१३ घ.मि मात्र भएको भनी रु१०,५१,२८९।०४ न्युनतम कवोल अंक तोकेर पुन वालुवाको लिलाम विक्रिको सुचना प्रकासन गर्दा सिचन ट्रेड विजनेश प्रा लि संग मिति २०७९।०७।१५ मा रु.१०,५९,०००।०० मा सम्झौता गरिएको देखिन्छ ।यसरी २३ दिनको अवधिमा ५५२०.३८ घ.मि वाट ३३०८.१३ घ.मि मात्र वालुवाको परिणाम के कसरी रहन गयो भन्ने सम्बन्धमा स्पष्ट कारण देखिएन ।यो अवस्थाले २२१२.२५ घ.मि को प्रति घ.मि ३१७।७९का दरले रु.७,०३,०३०।०० रकम घटिमा सुचना प्रकाशन गरिएको छ जसले गर्दा नगरपालिकाको आन्तरीक आय पनि घटेको छ ।अतः वालुवाको परिमाण घट्नुका कारण पहिल्याई सोको निराकरण गर्दै आन्तरिक आयको अभिवृद्धि गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३१ **मुल्य अभिवृद्धि कर दाखिला -** वालुवा लिलाम विक्रिको सिचन ट्रेड विजनेश प्रा.लिसंग रु.१०,५९,०००।०० मा सम्झौता भए बमोजिम निज व्यवसायिले रु.१०,५९,०००।०० पालिकाको खातामा दाखिला गरेको देखिएकोमा सो आयमा लाग्ने १३ प्रतिशत भ्याट वापतको रकम रु.१,२१,८३१।०० दाखिला भएको नदेखिएको रकम मुल्य अभिवृद्धि कर राजश्व शिर्षक नं ३३३१७ मा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२१,८३१ |

३२ **रसिद फिर्ता -** वालुवाको लिलाम विक्रिको सुचना प्रकासन गरि सिचन ट्रेड विजनेश प्रा लि संग मिति २०७९।०७।१५ देखि मिति २०८० जेष्ठ मसान्तसम्मका लागि सम्झौता भई मिति २०७९।०७।१७ मा १० थान नगदी रसिद बुझेको देखिन्छ । उक्त सिचन ट्रेड विजनेश प्रा लिले मिति २०७९।०९।१३ सम्ममा ७ थान अर्धकट्टी रसिद फिर्ता गरेकोमा वांकी ३ थान सम्झौता वमोजिम जेष्ठ मसान्त पश्चात पालिकामा फिर्ता गर्नुपर्नेमा नगरेकोले पालिकाले मिति २०८०।०३।२२ च.न३८६३ वाट ३ थान रसिद फिर्ता गर्न पत्र लेखेको देखिएता पनि लेखापरीक्षण अवधि सम्म पनि रसिद फिर्ता गरेको नदेखिएकोले उक्त रसिद तुरुन्त फिर्ता गर्न लगाई पालिकाले रसिदको दुरुपयोग भए नभएको यकिन गर्नुपर्दछ ।

३३ **सहकारी संस्थाको अनुगमन -** पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरेको विवरण देहाय बमोजिम रहेको छ ।

| पालिकामा दर्ता भएका सहकारी संस्थाको संख्या | अनुगमन गरेका सहकारी संस्थाको संख्या | अनुगमनबाट देखिएका प्रमुख व्यहोराहरु | अनुगमन प्रतिवेदन उपर गरेको कारबाही |
|---|---|---|---|
| ५५ | ३० | तरलताको समश्या | सुधारको लागि निर्देशन दिएको |
| | | कोपोमिस सिष्टम संचालनको लगि दक्ष्यताको कमी | |
| | | लगानी समयमानै उठाउन समस्या | |
| | | वचत र ऋण वाहेक पुजीं परिचालनका अन्य आयामहरमा केन्द्रित हुन नसक्नु | |

पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि ऐनमा तोकिए बमोजिम सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयेग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।

३४ **विद्यालय विद्यार्थि संख्या र शैक्षिक गुणस्तर -** पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसारदेखिएका व्यहोराहरु देहाय बमोजिमरहेका छन् ।

| क.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | १२ | ६९८८ |
| २ | संस्थागत विद्यालय | ८१ | २९९४९ |
| **जम्मा** | | **९३** | **३६९३७** |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या ३६९३७ रहेकोमा १८.९१ प्रतिशत सामुदायिक र ८१.०८प्रतिशत विधार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ । पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०७९ सालको एस.ई.ई. परीक्षामा जम्मा २२९९ विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| क.स. | जिपिए | जम्मा विधार्थी | उत्तिर्ण विधार्थी संख्या | | उत्तिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१ - ४.०० | ४३१ | ४१७ | १४ | ९६.७५ | ३.२५ |
| २ | ३.२१ - ३.६० | ६९५ | ६५० | ४५ | ९३.५२ | ६.४८ |
| | जम्मा | ११२६ | १०६७ | ५९ | ९४.७६ | ५.२४ |

उल्लेखित तालिका अनुसार ३.६१ - ४.०० जिपिए ल्याउने ४३१ विधार्थी मध्ये १४ जना, ३.२१ - ३.६० जिपिए ल्याउने ६९५ विधार्थी मध्ये ४५ जना मात्र सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ । जसअनुसार उच्च जिपिए ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएकाले सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

३५ **प्रति विद्यार्थी लागत** -पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| संघीय सरकारबाट हस्तान्तरित | १२२२६८००० | १११६८८००० | | |
| प्रदेश सरकारबाट हस्तान्तरित | ५६८००० | ५६७००० | | |
| स्थानीय तहको बजेट | ४५७७३००० | ३१४६१००० | | |
| **जम्मा** | **१६,८६,०९,०००** | **१४,३७,१६,०००** | **७,१५१** | **२००९७.३२** |

उपरोक्त विवरण अनुसार पालिकाकोसामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.२००९७।३२ रहेको छ।

३६ **संस्थागत विद्यालयको छात्रवृत्ति -** पालिका नगर शिक्षा ऐन, २०७५ को दफा ५९ बमोजिम संस्थागत विद्यालयले कुल विद्यार्थीको १० प्रतिशत छात्रवृत्ति विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । साथै दफा ६० बमोजिम छात्रवृत्ति उपलब्ध गराएका विद्यार्थीहरुको नाम, थर, कक्षा तथा निजको बाबु आमाको नाम, थर, वतन सहितको विवरण विद्यालयले विद्यालयको सूचना पाटी टाँस गर्ने एवं विद्यालयको वेभसाइट भएमा त्यसमा राखी सार्वजनिक गर्नुपर्ने उल्लेख छ । साथै त्यस्तो विवरण शिक्षा शाखामा समेत पठाउनु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।नगरपालिकाले तयार पारेको शैक्षिक सत्र २०७९ को विवरण अनुसार संस्थागत विद्यालयमा अध्यनरत विधार्थी संख्या निम्नानुसार छन् ।

| **क्र.सं.** | **विद्यालय** | **विद्यालय संख्या** | **विधार्थी संख्या** | **छात्रवृत्ति प्रास गर्नुपर्ने विद्यार्थी संख्या** |
|---|---|---|---|---|
| १ | संस्थागत | ८४ | ३२५३१ | ३२५३ |

अतः संस्थागत विद्यालयले तोकिए बमोजिम छात्रवृत्ति प्रदान गरे नगरेको सुनिश्चित हुन तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ ।

३७ **खेलकुद कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९ मा सरकारी रकम खर्च गर्दा खर्चसंग सम्बन्धित आवश्यक प्रमाण कागजात तथा खर्चको यर्थाथता झल्कने प्रतिवेदन सहितको कागजात संलग्न हुनुपर्ने उल्लेख छ ।नगरपालिका तथा वडा कार्यालय मार्फत विभिन्न प्रकारका खेलकुद कार्यक्रम संचालन गरे वापत ८५००००० खर्च गरेको देखिएको ।यसरी सञ्चालित अधिकंश कार्यक्रमहरु योजना विना नै नगरकार्यपालिकाले निर्णय गरी खर्च गरेको देखिएको छ ।आगामि दिनमा सरकारी रकमको खर्चमा दीर्घकालिन पूँजिवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी सोही अनुरुप कार्यान्वयन गर्ने तर्फ नगरपालिकाको ध्यान दिनु पर्दछ ।

३८ **प्रमाण पेश— गो भौ नं १६३९ मिति ०८०/०२/२८ लक्षित वर्गका विभिन्न कार्यक्रम खर्च शिर्षकबाट उद्घोषण कार्यक्रम संचालन गरे वापत मिसन स्माइल नेपाललाई भुक्तानि गरिएको रु १९७२५०। यसमा बाह्य प्रशिक्षकको योग्यता खुल्ने कागजात नरहेको समय तालिका कार्यपत्र तथा प्रतिवेदन समेत नरहेको हुँदा सोको प्रमाण पेश पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु**

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ३८.२ | मिसन स्माइल नेपाल | १,९७,२५० |

*(✍ ...........प्रारम्भिक प्रतिवेदन उपर आवश्यक प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२० को निर्णयनुसार रु.८५००० ।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९७,२५० |

३९ **मेयर दिर्घायु कार्यक्रम -** पालिका भित्रका जनतालाई निशूल्क स्वास्थ सेवा उपलब्ध गराउने उद्देश्यले नगरपालिकाको बाह्रौं नगरसभा बाट निर्णय गरी मेयर दिर्घायु कार्यक्रमको स्थापना गरी रकम रु १०९००००० विनियोजन भई सो कार्यका लागि स्थानिय जनताको होल वडी चेकअप तथा थाईराइड चेक जाँच गराउने कार्य गरेको देखिएको छ ।सो कार्य वापत रु ९८३२७५२ खर्च गरेको देखिएको छ ।

**शिक्षक विद्यार्थी अनुपात -** संघीय व्यवस्था अनुसार विद्यार्थि शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।०८० शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क स | विद्यालयनाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | झोर महांकाल मा. वि. झोर | १९ | ४३१ | १ : २२.६८ |
| २ | बौडेश्वर मा. वि. झोर | २७ | ७९७ | १ : २९.५१ |
| ३ | चण्डेश्वरी मा. वि. टोखा | १६ | २९९ | १ : १८.६८ |
| ४ | सरस्वती उ.मा. वि. टोखा | २६ | १३४६ | १ : ५१.७६ |
| ५ | धापासी मा. वि. | २० | ५३६ | १ : २६.८ |
| ६ | तिलिङ्गाटार मा. वि. तिलिङ्गाटार | ४२ | १४२३ | १ : ३३.८८ |
| ७ | जालुपा मा. वि. गोंगबु | १९ | ७५० | १ : ३९.४७ |

| | | | | |
|---|---|---|---|---|
| ८ | मनोहर मा. वि. गंगबु | २७ | ९६२ | १ : ३५.६ |
| ९ | चुनदेवी आ. वि. | ३ | ३७ | १ : १२.३ |
| १० | महादेव मा.वि . | ४ | ७६ | १ : १९ |
| **जम्मा** | | **२०३** | **६६५७** | **१ : ३२.९७** |

उपरोक्त विवरण अनुसार शिक्षक विद्यार्थी अनुपात १ : ३२.९७ रहेको छ ।

४१ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७६ को नियम ७३(३) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा देहाय अनुसार चालु आ व को म्याद ननाघेको पेश्की रु ५०,१०,०००.०१ सहित रु १,०८,८४,०००.०१ फछ्यौट गर्न बाँकी रहेको छ । नियमानुसार समयमै पेश्की फर्छ्यौट गर्नुपर्ने

| पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने व्यक्ती, फर्म वा कम्पनीको नाम | खर्च उपशिर्षक | चालु आ. व. | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | म्याद ननाघेको | म्यादना घेको | जम्मा |
| | | | | रकम | | रकम |
| २०७९/०५/२८ | भिल्ली पन्चेटार देखि दल्खु इको हुदै वखुन्डोल सम्मको सडक स्तरउनती | फ्रिम्यानबिजनेश प्रा.लि. | ३११५१ | ० | ० | ४,००,०००.०० |
| २०७९/०५/२८ | होराईजनक्षेत्रमा सडक कालोपत्रे (सि न ७६९) | तिङ्ला ।बुढानिलकण्ठ जे.भि. | ३११५१ | ० | ० | १,६०,०००.०० |
| २०७९/०५/२८ | टोखा मूलसडक निर्माण क्रमागत | न्यू ककनीनिर्माण सेवा | ३११५१ | ० | ० | ६,९१,०००.०० |
| २०७९/०५/२८ | ई.कृष्णशर्माको घर देखि भरत शाक्यको घरसम्म सडक कालोपत्रे ओभरले गर्ने कार्य (सि.नं.६६४) | रानी वनकन्स्ट्रक्सन | ३११५१ | ० | ० | ३,७१,०००.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०७९/०५/२८ | ढुगेंधारादेखि बुद्धि आचार्यको घर हुदै कृष्ण खड्काको घरसम्म सडक ओभरले गर्ने कार्य (सि.नं.६३४) | रानी वनकन्स्ट्रक्सन | ३११५१ | ० | ० | ३,७१,०००.०० |
| २०७९/०५/२८ | झुडोलवृहत्त ढल तथा सडकस्तरउन्नती ( ठेक्का नं. ३७/०७७-७८) क्रमागत ( सि न ५०१) | शिवाजीविल्डर्स प्रा.लि. | ३११५८ | ० | ० | ३,५०,०००.०० |
| २०७९/०५/२८ | समपुरक कोष | साई बाबाएण्ड तारा कन्स्ट्रक्सन सेवा | ३११५९ | ० | ० | ४,००,०००.०० |
| २०७९/०५/२८ | सामाखुशीटोखा रोडको मनोहरर स्कुलदेखि सी आर एस हुँदै ग्रिनल्याण्डबाट मिलन टोलसम्मको टोखा जाने सडक कालोपत्रे एबं Overlay | साई बाबाएण्ड तारा कन्स्ट्रक्सन सेवा | ३११५१ | ० | ० | ८,६०,०००.०० |
| २०७९/११/१९ | वानियाँटारपुल निर्माण ( ८ र ११ जोड्ने) (८८१) | श्रीपुश्पाञ्जली /रालुकादेवि जे.भी. | ३११५१ | ३३,८०,०००.०० | ० | ३३,८०,०००.०० |
| २०७९/१२/१० | साईवावाचोक देखि हातिगौडा जाने विष्णुमति पुल सम्म खानेपानी पाईपलाईन सहित सडक पक्की (५४३) | प्रविनकन्ष्ट्रक्सन | ३११५९ | २,५०,०००.०० | ० | २,५०,०००.०० |
| २०७९/१२/२९ | वानियाँटारपुल निर्माण ( ८ र ११ जोड्ने) (८८१) | श्रीपुश्पाञ्जली /रालुकादेवि जे.भी. | ३११५१ | १३,८०,०००.०० | ० | १३,८०,०००.०० |
| जम्मा | | | | ५०,१०,०००.०१ | | १,०८,८४,०००.०१ |

४२ **फरक हिसाब —** पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा नगरपालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.६५ लाख ६३ हजार , यस वर्षको प्राप्तिमा ६६ लाख ८४ हजार र बैङ्क मौज्दातमा रु १ लाख २१ हजार फरक परेको छ । सुत्रमा नगरपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

फरक जिम्मेवारी - नगरपालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ ।नगरपालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.९२ करोड ५३ लाख २७ हजार मौज्दात रहेकोमा यो वर्ष रु.९२ करोड ७५ लाख ५९ हजार जिम्मेवारी सारेको छ ।जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२२ लाख ३१ हजार बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ९२,७५,५९,३१४.०३ | १,१५,०३,२६,८११.२५ | १,४१,०५,०२,३४९.९९ | ६६,७३,८३,७७५.२९ |
| एकीकृत आर्थिक विवरणअनुसार | ९२०९९६०१३।५३ | ११५७०११७९४.२५ | १४१०५०२३४९.९८ | ६६७५०५४५७.८० |
| फरक | ६५६३३००.५० | ६६८४९८३ | ० | १२१६८२.५१ |

४३ **मौज्दात -** पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु१३९३५०३७९१.०८ खर्च गरेको छ भने नगरपालिकाको बैंक खातामा रु६६७५०५४५७.७९ मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सधैं गईरहेको अवस्थाले नगरपालिकाको लक्षित उद्देश्य पूरा गर्न कठिन हुने देखिएकाले सो रकमको उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४४ **वित्तीय विवरणको यथार्थता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम स्थानीय तहले आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण समिति गठन गरी सुझाव बजेट तर्जुमा समावेश भए नभएको नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३ करोड ३३ लाख २७ हजार, गरिबसंग विश्वेश्वर कार्यक्रमको रु ३ लाख ९३ हजार समेत गरी रु१३ करोड ३७ लाख २० हजार सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ

४५ **असुल -**

***(✂ ...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२० को निर्णयानुसार रु.४५००।- सम्परीक्षण गरिएको । )***

४६ **करारका कर्मचारिलाई महँगी भत्ता -** नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४।१।१९ को निर्णय अनुसार सवै निकायमा कार्यरत स्वीकृत दरबन्दी भित्र रहेका करार कर्मचारीहरुको सेवा सुविधामा एकरुपता कायम गर्न साविक सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या कानुन १८।२०७३।४७ चलानी नं २१७ मिति २०७४।१।२५ को परिपत्रमा करार कर्मचारीले महंगी भत्ता पाउने उल्लेख गरेको देखिदैन।पालिकाले करार कर्मचारीहरु लाई मसिक रुपमा २००० का दरले ६५ जना कर्मचारिदाई ४ महिना को जम्मा रकम रु. ५२०००० भुक्तानी गरेको

देखियो। यसरी निर्देशिका विपरितको नियममा उल्लेख नभएको महंगी भत्ता सुविधा भुक्तानी नियमसम्मत नदेखिएको रकम रु.

| | |
|---|---|
| अनियमित भएको | ५,२०,००० |

४७ **कृषि तथा पशु कार्यक्रमतर्फ** - सार्वजनिक निकायबाट उपलब्ध गराएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ ।,पालिकाले कृषि, सहकारी संस्थालाई, विभिन्न कृषि पकेट कार्यक्रम,कृषि सामाग्री खरिदमा अनुदान दिई रु ८८९८०००खर्च गरेको छ तर नगरपालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन समग्र रुपमा गरेको भनिएतापनि सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन। तसर्थ नगरपालिकाले अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तह र वडा मार्फत वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी स्पष्ट कार्यविधि बनाई आवश्यकता अनुसार प्राविधिक मुल्यांकन गरेर मात्र भुक्तानी दिनु पर्दछ । कृषि तर्फका अनुदान कार्यक्रमः

| क सं | कार्यक्रमको नाम | संख्या | रकम रु. १००० मा | खर्च |
|---|---|---|---|---|
| १ | ५० % अनुदानमा खाध्यान उन्नत तथा तरकारीको हाईब्रिड विउ वितरण | गहुँको विउ ७००० के.जि. , धानको विउ ३७०० के. जी. र तरकारीको विउ ३० जना ब्यवसायिक कृषकहरुलाई वितरण | ८७१ | ८७१ |
| २ | ५० % अनुदानमा कम्पोष्ट मल वितरण | ७५०० के.जि. | १५० | १५० |
| ३ | ५० % अनुदानमा मिनी टिलर वितरण | पेट्रोल ११ थान , डिजेल ४ थान जम्मा १५ थान | ४२५ | ४२५ |
| ४ | ५० % अनुदानमा स्प्रेयर वितरण | ४० थान सानो ठुलो | १०० | ९९ |
| ५ | ५० % अनुदानमा टनेल प्लास्टिक वितरण | ११८ थान६*२० /६ * १० वर्ग मिटर | ४६० | ४५९ |
| ६ | ७० % अनुदानमाकम्पोष्ट विन ( स्मार्ट वकेट) | २७३ सेट वितरण । | ५५० | ५५० |
| ७ | ५० % अनुदानमा अनुदानमा फलफुलका विरुवा वितरण | कागती, मुन्तला , सुन्तला , अम्बा , एभोकाडो २३३८ गोटा | ७०० | ७०० |
| ८ | ५० % अनुदानमाउच्च प्रविधि आधारित कोल्डरुम निर्माण | १ गोटा | ५०० | ५०० |
| ९ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत वडा नं. १ र २ मा नयाँ तरकारी पकेट स्थापना भई ४ जना कृषकहरुको करिव ४० रोपनी जग्गामा ब्यवसायिक तरकारी खेतिको क्षेत्र विस्तार भएको - स | | १२०० | १२०० |
| १० | ५० % अनुदानमा च्याउ प्रवर्द्धन कार्यक्रम वडा नं. २ मा १९ वटा वासको टनेलमा निर्माण भई कन्ये च्याउ उत्पादन तथा चार वटा टनेल निर्माण भई १५०० कटुस मुढामा सिताके च्याउ खेति भएको — प्रदेश | | २५०० | २३९३ |
| | | | ७४५६ | ७३४७ |

## पशुसेवा तर्फका कार्यक्रम

| क्र.स. | कार्यक्रमको नाम | सम्पन्न कामहरुको विवरण | सहभागी संख्या | लागत | खर्च |
|---|---|---|---|---|---|
| १ | दुग्ध डेरी तथा मासु पसल व्यावसाय प्रवर्द्धन कार्यक्रम | 50%अनुदानमा 2 वटा chilling vat वितरण गरिएको । | २ जना दुग्ध डेरी व्यावसायी | ३,००,०००।- | २,७९ ,०००।- |
| २ | युवा लक्षित कुखुरा पालन कार्यक्रम | बैदेशिक रोजगार बाट फर्किएका युवा र एकल महिलाहरुलाई प्राथमिकतामा राखि जम्मा २७ जना कृषकहरुलाई १ दिने कुखुरा पालन सम्बन्धी तालिम साथै ३ हप्ते लोककुखुराको चल्ला ५० वटा , दाना खाने भाडा २ वटा , पानी खाने भाडा २ वटा , १ kg दाना र औषधि वितरण गरियो । | २७ कृषकहरु | ३, ०० ,०००।- | २, ९७ ,०००।- |
| ३ | काउ म्याट वितरण कार्यक्रम | ५०% अनुदानमा ८५ वटा काउ म्याट वितरण | गाई भैसीपालक १९ जना कृषकहरुलाई वितरण गरियो । | ३, ५० ,०००।- | ३, ४९ ,०००।- |
| ४ | पशु पंक्षिको गोठ खोर सुधार कार्यक्रम | ५०% अनुदानमा ९ जना कृषकहरुलाई गोठ खोर मर्मत गरे बापत अनुदान रकम भुक्तानि दिएको । | ५०% अनुदानमा ९ जना कृषकहरुलाई गोठ खोर मर्मत गरे बापत अनुदान रकम भुक्तानि दिएको । | ४, ०० ,०००।- | ३, ९९ ,०००।- |
| ५ | पशु पंक्षी बिमा कार्यक्रम | बिमा सम्बन्धी १ दिने तालिम कृषक स्तरमा संचालन गरिएको।८ जना कृषकहरुलाई बिमा शुल्क रकमको ५०% अनुदान रकम भुक्तानि दिईयो । | ८ जना कृषकहरुलाई बिमा शुल्क रकमको ५०% अनुदान रकम भुक्तानि दिईयो | २, २० ,०००।- | १, ०७ ,०००।- |
| ६ | बाखा पवर्द्धन कार्यक्रम | ८०% अनुदानमा नश्ल सुधारको लागि बोयर बाखाको ५ वटा बोका खरिद गरि बाखा फर्म र समुहमा वितरण गरियो । | ५ जना बाखा पालक कृषकहरुलाई वितरण गरियो । | ४, ०० ,०००।- | ३, ९९ ,०००।- |

४८ **लघु उद्यम विकास कार्यक्रम -** गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ मा समुदायमा उद्यमी विकास गर्ने उद्देश्यले प्रविधि हस्तान्तरण गर्न सक्ने व्यवस्था रहेको छ,उक्त प्रविधि हस्तान्तरण कार्यमा लाभग्राहीले कुल मुल्यको २० प्रतिशत बराबरको रकममा सहभागिता गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले यस वर्ष ४ वटा समूहलाई रकम रु ५२७००० बराबरको प्रविधि हस्तान्तरण गरेकोमा लागत सहभागिताको हिस्सा पुष्टि गर्ने प्रमाणहरु पेश हुन नआएकोले रु १०५४०० बराबरको लाभग्राहीको हिस्सा पुष्टि हुने प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०५,४०० |

४९ **सेवा सम्झौतामा कर -** आयकर ऐन २०५८ को दफा ८८ मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क भुक्तानी गर्दा र सो व्यक्ति स्वीकृत अवकाश कोष भएमा कुनै अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु व्यवस्था रहेको छ ।पालिकाले निम्नानुसारका सेवा सम्झौतामा मा भुक्तानी गर्दा १.५ प्रतिशतका दरले मात्र कर कट्टी गरेको हुँदा बाँकी रकम असुल गरी दाखिला गर्नु पर्ने रु

| गो भौ नं र मिति | सञ्चालित कार्यक्रम | भुक्तानि लिनेको नाम | भुक्तानि रकम | लाग्ने कर | कट्टा रकम | नपुग रकम |
|---|---|---|---|---|---|---|
| २३१।२०८०।३।२२ | क्रिष्टलका चुरापोतेका गरगहना | मातृभूमि विकास नेपाल | ४००००० | ६०००० | २४५०० | ३५५०० |
| १५४।२०८०।२।१४ | डल कुशन र क्रिष्टलका चुरापोते बनाउने कार्यक्रम | मातृभूमि विकास नेपाल | ६००००० | ९०००० | २५०९० | ६४९१० |
| २०२७।२०८०।३।२१ | २ महिने वाद्यवादन तथा गायन प्रशिक्षण कार्यक्रम | धापासि ब्याचुली बाँसुरी प्रच | ३९६७९० | | २६८२२ | ३२६९६ |
| १७९४।२०८०।३।१० | ३ महिने एडभान्स ब्युटिपार्लर तालिम | जि एन एस व्युटि पार्लर | ९५५७५० | १४३३६३ | ४८८७० | ९४४९३ |
| १७३७।२०८०।३।६ | २ महिने बेसिक व्युटिपार्लर ट्रेडिङ | गोङगबु ब्युटिपार्लर एण्ड ट्रेडिङ सेन्टर | १८४५७५ | २७६८६ | ३३३२ | २४३५४ |
| १७८४।२०८०।३।८ | विद्यालयहरुमा सामाजिक सञ्जाल सदाचारिता प्रयोग | सहृदयता समाज नेपाल | ७५००० | ११२५० | ५९८५ | ५२६५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८४६। २०८०। ३।१४ | ७ दिने म म तथा कफी बनाउने तालिम | चुलि समाज सेवा समिति | २९९९४० | ४४९९१ | १३४५६ | ३१५३५ |
| १८६२। २०८०। ३।१६ | ३ महिने आधारभूत मन्टेश्वरी शिक्षक तालिम | उत्पला एजुकेशनल अर्गनाइजेशनल प्रा लि | ३४९००० | ५२३५० | २९१२३ | २३२२७ |
| १८९१। २०७८। ३।१८ | पाठेघरको मुख तथा स्तन क्यान्सर स्क्रनिङ सेवा | ग्रामिण क्षेत्रका लागि लक्ष्य नेपाल | ३८४५०० | ५२२७५ | १५१२५ | ३७१५० |
| २०४०। २०८०। ३।२१ | योग तथा प्राकृतिक चिकित्साको अभिमुखिकरण कार्यक्रम | आयांष योग नेचरक्योर हस्पिटल प्रालि | २६४४६१ | ३९६६९ | २६९५५ | १२७१४ |
| २०४५। २०८०। ३।२१ | WASH कार्यक्रम | दिगो तथा एकिकृत विकास नेपाल | ४८९९८८ | ७३४९९ | १७९०९ | ५५५९० |
| २११४। २०८०। ३।२३ | अटिजम पहिचान तथा न्युनिकरण कार्यक्रम | अर्किड केयर होम एण्ड रिहाविलेसन सेन्टर प्रालि | ४८६००० | ७२९०० | १९४७७ | ५३४२३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,७०,८५७ |

५० **तार व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र आवश्यक कागजात संलग्न हुनु पर्ने व्यबस्था उल्लेख छ । पालिकाले आफ्नो क्षेत्र भित्रका सडक बत्ति तथा तार व्यवस्थापन गर्नका लागि विभिन्न मिति र गोश्वारा भौचरबाट बर्षभरिमा रु ३८०१९७ खर्च भुक्तानी दिएको देखिएको छ । तर त्यो भुक्तानी वापत को कार्य क् कति मात्रमा कुन कुन स्थानमा सम्पन्न भयो सो कुरालाई पुष्टाई गर्ने प्राविधिक जाँचपास सहिको मूल्याङकन पेश भएको देखिँदैन । सम्पन्न गरेको कार्य पुष्टाई गर्ने मूल्याङकन पुष्टि प्रमाण पश्चात मात्रै भुक्तानी दिनुपर्ने देखिन्छ ।

५१ **विउ विजन तथा कौशी तरकारी खेती तालिम कार्यक्रम -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(द) मा स्थानीय तहले कृषि प्रसारको व्यवस्थापन,संचालन र नियन्त्रण र यसका लागि विभिन्न कृषि कार्यक्रम संचालन गर्न सक्ने व्यवस्था छ। यसैगरी सोही ऐनको दफा १६ मा नगरपालिकाबाट संचालित योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेण गरी सोको प्रतिवेदन पेश गर्ने जिम्मेवारी पालकाको उप प्रमुखलाई तोकेको छ। नगरपालिकाको कृषि शाखावाट पालिकाका विभिन्न वडामा विउ विजन तथा कौशी तरकारी खेती तालिम संचालनमा रु २० लाख खर्च लेखेको छ।यसरी संचालित कार्यक्रम तथा तालिमका लागि सुचना प्रकाशन, वडाको सिफारीस , अनुगमन तथा

सुपरीवेक्षण तथा सहभागि छनौटको आधार स्पष्ट भएको देखिएन । साथै पालकाको संचालित योजना तथा कायमको अनुगमन तथा सुपरीवेण गरी प्रतिवेदन पेश गरेको नपाईएकाले नियमानुसार अनुगमन तथा सुपरीवेण गरी कार्यक्रमको प्रभावकारीता यकिन गरी आगामी दिनमा सोहि वमोजिम योजना निर्माण तथा कार्यान्वयन गर्नुपर्दछ।

५२ **दिवा खाजा -** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.११.१ को क्रियाकलाप ७.१ बमोजिम स्थानीय तहले विद्यालय खुलेको आधारमा विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका(परिक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई संख्या एकिन भए पश्चात मात्र प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ६सम्म अध्यनरत बालबालिकाहरुका लागि रु.१५/- का दरले १८० दिनका लागि त्रैमासिक रुपमा निकासा गर्ने र त्रेस्रो त्रैमासिकमा अनुदान निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिकमा निकासा गरिएको रकम सदुप्रयोग भएको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले संघिय सर्शत कार्यक्रममा व्यवस्था रहेको कार्यक्रम सञ्चालन गरेवापत रु ७१३२८१५ खर्च गरे तापनि पालिका अन्तर्रगतका सबै विद्यालयहरुमा संघिय सर्शत बाट आउने रकम मा प्रति विद्याथि रु ५ थप वापत रु ३२६८२७५ र कक्षा ६ देखि माथिका विद्यार्थिलाई प्रति विद्यार्थि रु २० का दरले रु ६२८१०२० गरी जम्मा रु ९५४९२९५ पालिको निर्णयबाट थप गरी भुक्तानी दिएको देखिएकोछ ।

५३ **दरबन्दी र पदपुर्ती -** आर्थिक वर्ष २०७९।०८० मा पालिका भित्रका ८ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ ।

| **विद्यालयको किसिम** | **दरबन्दी संख्या** | **स्थायी पदपूर्ती** | **पदपूर्ती मध्ये राहत/करार** | **रिक्त दरबन्दी** |
|---|---|---|---|---|
| सामुदायिक | १५१ | १०५ | ४४ | २ |

उक्त विवरण अनुसार पालिकामा जम्मा १५१ दरबन्दी रहेकोमा १०५ जना स्थायी पदपूर्ती र ४४ जना राहत/करारमा नियुक्त गरी जम्मा १४९ पदपूर्ती गरेको देखिन्छ भने लेखापरीक्षणको समय सम्म पनि २ पद रिक्त रहेका छन । नगरपालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५४ **शिक्षक विद्यार्थी अनुपात -** संघीय व्यवस्था अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ ।नगरपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।०८० शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क स | विद्यालयनाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | झोर महांकाल मा. वि. झोर | १९ | ४३१ | | १ : २२.६८ |
| २ | बौडेश्वर मा. वि. झोर | २७ | ७९७ | | १ : २९.५१ |
| ३ | चण्डेश्वरी मा. वि. टोखा | १६ | २९९ | | १ : १८.६८ |
| ४ | सरस्वती उ.मा. वि. टोखा | २६ | १३४६ | | १ : ५१.७६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | धापासी मा. वि. | २० | ५३६ | | १ : २६.८ |
| ६ | तिलिङ्गाटार मा. वि. तिलिङ्गाटार | ४२ | १४२३ | | १ : ३३.८८ |
| ७ | जालुपा मा. वि. गोंगबु | १९ | ७५० | | १ : ३९.४७ |
| ८ | मनोहर मा. वि. गंगबु | २७ | ९६२ | | १ : ३५.६ |
| ९ | चुनदेवी आ. वि. | ३ | ३७ | | १ : १२.३ |
| १० | महादेव मा.वि . | ४ | ७६ | | १ : १९ |
| **जम्मा** | | **२०३** | **६६५७** | | **१ : ३२.९७** |

उपरोक्त विवरण अनुसार शिक्षक विद्यार्थी अनुपात १ : ३२.९७ रहेको छ ।

५५ **औषधि खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।पालिकाले उक्त प्रक्रियावेगर पालिका चालु शिर्षक र संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम र नगरपालिकाको चालु शिर्क्षकबाट रु. ३१ लाख ९२ हजारको औषधि खरिद गरेको देखिएको छ ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः ·

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको । ·

- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको र खरिद वील मा म्याद समाप्त हुने मिति, व्यच नं समेत नखुलेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण समावेश नभएको ।

- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५६ **स्वास्थ्य तर्फ** - पालिकामा आर्थिक वर्ष २०७९।८० मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | सेवाग्राहीको संख्या | औषधी वितरण रु |
|---|---|---|---|---|---|
| अस्पताल | | | | | |
| स्वास्थ्य केन्द्र/चौकी | ११ | ५३ | ५३ | ६०००० | |

उक्त विवरण अनुसार नगरपालिकामा जम्मा ११ स्वास्थ्य चौकीमा कुल ५१ दरबन्दी रहेकोमा हाल ४२ पद स्थायी र ११ पद करार मार्फत पुर्ती गरी सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

५७ **असम्बन्धित व्यक्तिलाई भुक्तानी -**
कार्यतालिकामा उल्लेख नभएका व्यक्तिले भत्ता बुझेको:१गो भौ नं १८६७ मिति ०८०/०३/१६ प्रारम्भिक बाल विकास र पूर्व प्राथमिक कक्षाका सहजकर्ताका लागि बालमैत्री व्यवस्थापन तालिम खर्च शिर्षकबाट खगेन्द्र धामी लाई रु १५०० सहायक प्रशिक्षक वापत बढी भुक्तानी भएको तथा प्रशिक्षण कार्य गरेको प्रमाण संलग्न नभएकोले असम्बनधित व्यक्तिलाई भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

***(✎ ...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२० को निर्णयनुसार रु.२०५००।- सम्परीक्षण गरिएको । )***

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५०० |

५८ **बढी भुक्तानी**
***(✎ ...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२० निर्णयनुसार रु.२८५६०।- सम्परीक्षण गरिएको ।)***

५९ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** बेरोजगार जनतालाई निर्वाहमुखिको १०० दिन सम्म बर्षभरीमा रोजगारी दिने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा ल्याएको हो ।पालिकाले आ व २०७९।८० मा रकम रु ३४८०००० खर्च गरी १४ वटा कार्यक्रम सञ्चालन गरी न्युनतम ७० दिन र अधिकतम १०० दिन सम्म को रोजगारी सिर्जना गरेको देखिएको छ । रोजगारी दिएका मध्ये अधिकांश रोजगारी पार्क,नहर सरसफाई जस्ता कार्य बापत भुक्तानी दिएको देखिन्छ । यस्ता कार्यक्रम भन्दा वातावरीय र भविष्यमा दिगोपना आउने खालका कार्यक्रम सञ्चालन गर्ने तर्फ नगरपालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

६० **लाभग्राही संख्या -** नेपाल सरकारको नियमानुसार आ व २०७९।८० मा यस पालिका भित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जम्मा ३२५९ जना लाभग्राहीहरु रु १३३३२७१८२ रकम वितरण गरेको छ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जनसंख्या कुल जनसंख्याको २.४ प्रतिशत रहेको छ ।

| पालिकाको जनसंख्या २०७८ को जनगणना अनुसार | लाभग्राही संख्या | लाभग्रही प्रतिशत | सामाजिक सुरक्षा रकम |
|---|---|---|---|
| १३५७४१ | ३२५९ | २.४० | १३३३२७१८२ |

६१ **निजि सचिव -** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ ले स्थानिय तहको प्रमुख तथा उप प्रमुखले स्वकिय सचिव सम्बन्धी कुनै सेवा सुविधाको बारेमा उल्लेख गरेको देखिदैन त्यसैगरी स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ ८ मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पद पूर्ति गर्न नहुने उल्लेख छ । पालिकाले नगरकार्यपालिकाको बैठकबाट निर्णय गरी ऐन नियम विपरित नगर प्रमुख र उपप्रमुखको एक एक जना स्वकिय सचिव नियुक्त गरी जनही मासिक रु ३२००० का दरले बार्षिक रुपमा जम्मा रकम रु ८३२००० भुक्तानी गरेको देखिएको छ । यसरी ऐन कानुन विपरीत हुने गरी निजि सचिव नियुक्त गरेको नियम संगत नदेखिएकोले यसमा सुधार हुनुपर्न ।

६२ **कानूनी सल्लाहकार -** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको ऐन २०७६ ले स्थानिय तहको प्रमुख तथा उप प्रमुखको कानुनी सल्लाहकार सम्बन्धी कुनै सेवा सुविधाको बारेमा उल्लेख गरेको देखिदैन त्यसैगरी स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ (८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पद पूर्ति गर्न नहुने उल्लेख छ । नगरकार्यपालिकाको बैठकबाट निर्णय गरी नियम विपरित ३ जना कानुनी सल्लाहकार नियुक्त गरी मासिक रु २२००० का दरले बार्षिक रुपमा जम्मा रकम रु ७९२०००।०० भुक्तानी गरेको देखिएको छ ।यसमा सुधार हुनुपर्दछ।

६३ **सवारी मर्मत खर्च -** सवारी साधन मर्मत संभार शिर्षकमा यस आ व मा रु.३० लाख वजेट विनियोजन भएकोमा रु.२९लाख ७७ हजार खर्च भएको देखिन्छ । इन्धन कार्यालय प्रयोजनका लागि रु२७ लाख बजेट विनियोजन भएकोमा रु२६ लाख १५ हजार खर्च भएको देखिएको । इन्धन पदाधिकारीमा रु२१ लाख विनियोजन भएकोमा रु१९लाख ७८ हजार खर्च भएको देखिन्छ ।इन्धन अन्य प्रयोजनमा रु २ लाख बजेट विनियोजन भएकोमा रु १ लाख १ हजार खर्च भएको देखिन्छ ।टोखा नगरपालिका कार्यसंचालन निर्देशिकामा पालिकाका कर्मचारीहरुलाई मासिक १० लिटर पेट्रोल उपलव्ध गराउने व्यवस्था भएता पनि तोकिएको सिमा भन्दा वढिमात्रामा पेट्रोलको कुपन वुझिलिएको पाइयो । साथै बागमती प्रदेश पदाधिकारी सेवा सुविधा सम्बन्धि ऐन २०७७ मा पदाधिकारीले यातायात वापतको सुविधा प्राप्त गर्ने उल्लेख छ । सोहि अनुरुप यस पालिकाका पदाधिकारीले यातायात सुविधा लिनुका साथै वडा संचालन खर्चबाट पनि रु ३००० बरावरको इन्धन सुविधा लिएको देखिएको छ ।सो बाहेक नगरपालिकाको कार्यालयबाट समेत पेट्रोल कुपन लिएकोले यस्तो दोहोरो प्रकृतिको सुविधामा नियन्त्रण गर्नुपर्ने देखिन्छ तथा कतिपय सवारी साधनको मर्मत देखिने लगबुक तथा मर्मत आदेश विना रकम भुक्तानि भएको देखिन्छ ।यस नगरपालिकाले आफ्नो आन्तरिक नियन्त्रण प्रणाली मार्फत यस्ता कुरालाई नियन्त्रण गरि वित्तिय सुशासन कायम गर्नुपदर्छ ।

६४ **प्रोत्साहन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन,सञ्चालन,व्यवस्थापन,सेवाको शर्त तथा सुविधा सम्बन्धी अधारभूत सिद्धान्त र मापदण्ड सङघिय कानुन बमोजिम हुनेछ ,दफा ८६(२) मा उपदफा १ को अधिनमा रहि मा स्थानीय सेवाको गठन,सञ्चालन,व्यवस्थापन,सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। नगरपालिकाका कर्मचारिहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धी मापदण्ड २०७७ तथा नगरकार्यपालिकाको निर्णय बमोजिम

पालिकाका १२ जना आधारभूत तलव स्केलको ३० प्रतिशत बराबर प्रोत्साहनको रुपमा रकम रु २४५४३४ भुक्तानी दिएको देखिएको छ ।खर्चलाई मीतव्ययी बनाउन तथा काम गर्न तत्पर कर्मचारीलाई सधैं प्रोत्साहित गरी राख्न प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि बनाई काम तथा प्रतिफलसँग स्पष्ट सम्बन्ध देखिने आधार तय गरी निर्धारित सूचकका आधारमा प्रोत्साहन भत्ता दिनु उपयुक्त हुने हुँदा त्यसतर्फ नगरपालिकाको ध्यान जानुपर्दछ ।

६५ **सहभागि यातायात -** कार्यसंचालन निर्देशिका,२०७७ मा सहभागीको आतेजाते यातायात खर्चको सम्बन्धमा सार्वजनिक यातायात चल्ने स्थानमा बस बापतको न्युनतम भाडा पाउने र सार्वजनिक यातायात नचल्ने स्थानमा आतेजाते गरी २ दिन सम्मको लागि एकमुस्ट रु २००। र सो भन्दा बढी जतिसुकै दिन भएपनि रु ५००।एकमुस्ट पाउने व्यबस्था उल्लेख छ ।पालिकाले विभिन्न कार्यक्रम संचालनमा सहभागीको यातायात खर्च कार्यक्रम अवधिको दैनिक रुपमा कार्यक्रम पिच्छे फरक फरक दरमा भुक्तानी गरेको देखियो।कार्यक्रम अवधिमा एकचोटी मात्र तोकिएको दरमा खर्च भुक्तानी गर्नु पर्नेमा निर्देशिका विपरित रु ५०० र रु १००० भुक्तानी भएको रकम मितव्ययि देखिएन।

६६ **अनुगमन भत्ता -** संघीय शर्सत कार्यक्रम, गोष्ठि र तालिमहरुमा अनुगमन गरेको भत्ता पाउने व्यवस्था गरेको देखिंदैन ।यस नगरपालिका नमुना परीक्षण गर्दा निम्नानुसार भौ.नं. र मितिबाट विभिन्न कार्यक्रमको अनुगमन गरेको भनी निम्नानुसार पदाधिकारी तथा कर्मचारीहरुलाई रु.१,०००।का दरले अनुगमन भत्ता भुक्तानी गरेकोले नियम विपरितको भत्ता रकम असुल गर्नुपर्ने रु.

| गो भौ नं र मिति | कार्यक्रमको नाम | अनुगमन कर्ता | रकम करबाहेक |
|---|---|---|---|
| ५०।२०७९।८।२५ | ANC TO PNC CONTINUMOF CARE | शंकरराज पाठक लगायत ५जना | ६८०० |
| १५१।२०८०।२।१४ | राष्ट्रिय भिटामिन ए कार्यक्रम | शेरबहादुर बि सि लगायत १० जना | ११९०० |
| | उद्यमशिलता विकास कार्यक्रम | मुरारी तामाङ लगायत ४ जना | ७५०० |
| | | प्रकाश अधिकारी लगायत ४ जना | ३४०० |
| | | शंकरराज पाठक लगायत ३ जना | २५५० |
| | | ज्ञानबहादुर अधिकारी लगायत ३ जना | २५५० |
| २१५।२०८०।३।१९ | न्युनतम सेवा मापदण्ड सम्बन्धी सेवा कार्यक्रम | शेरबहादुर बि सि लगायत ६ जना | २०८०० |
| २२९।२०८०।३।२९ | पूर्ण खोप सुनिश्चितता कार्यक्रम | शेरबहादुर बि सि लगायत ६ जना | १३६०० |

| | | | |
|---|---|---|---|
| १५३।२०८०।२।१४ | एडभान्स ब्युटि पार्लर सिप विकास तालिम | प्रकाश अधिकारी लगायत ११ जना | ११९०० |
| १६५।२०८०।२।२१ | वडा नं ९ मा क्रिष्टलको गहना बनाउने कार्यक्रम | शेरबहादुर बि सि लगायत ४ जना | ७६५० |
| | खादा सिलाउने कार्यक्रम | मुरारी तामाङ लगायत ९ जना | ७६५० |
| १६६।२०८०।२।२२ | CBIMNCI कोचिङ कार्यक्रम | शेरबहादुर बि सि लगायत ४ जना | ५१००० |
| १८०।२०८०।३।३ | अचार बनाउने सिप विकास तालिम | प्रकाश अधिकारी लगायत ८ जना | ७६५० |
| १७५।२०८०।२।२६ | कोभिड भ्याक्सिन डिजिटलाइजेशन | शेरबहादुर बि सि लगायत ८ जना | १२७५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६७,७०० |

६७ **थप सुविधा -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ को (१)मा स्थानीय सेवाको गठन, संचालन व्यबस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्वान्त र मापदण्ढ संघीय कानुन बमोजिम हुने, दफा ८६(२) मा स्थानीय सेवाको गठन, संचालन तथा व्यबस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यबस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यबस्था छ ।पालिकाले मिति २०७९ असार १० र ११ गतेको को नगरसभाको बैठकको निर्णय नं १४ बमोजिम रात्रीकालिन पालेपहरा गर्ने कार्यालय सहयोगी लाई मासिक रु ९००० र सवारि चालक ५ जना लाई मासिक रु १०००० का दरले बर्ष भरिमा जम्मा रकम रु ८१६००० भुक्तानी गरेको देखिएको छ ।

६८ **ठेक्का व्यवस्थापन -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आव्हान गरी खरिद गर्ने सम्बन्धि व्यवस्था छ । पालिकाले बोलपत्रको सुचना प्रकाशन गरी स्विकृत भएको ठेक्कामा बोलपत्रको लागत अनुमानको तुलनामा ०.६४ देखि ६५.४२ प्रतिशतसम्म घटीमा कार्य गर्ने गरी ठेक्का कबोल गरेको देखिन्छ । उदाहरणका लागि केही ठेक्काका विवरण देहाय बमोजिम उल्लेख छ ।लागत अनुमानको तुलनामा धेरै प्रतिशत घटीमा काम गर्ने गरी गराएको कार्यमा सामाग्रीहरुको निर्धारीत गुणस्तर र परिमाणमा कार्य भएको सम्बन्धमा यकिन हुने देखिएन । नगरपालिकामा उपभोक्ता समिति, दरभाउपत्र र बोलपत्रको माध्यमबाट समेत धेरै संख्यामा निर्माण कार्य हुने र अनुगमन निरीक्षण गरी निर्माण कार्यलाई गुणस्तरीय बनाउन प्राविधिकको संख्या सिमित भएको देखिन्छ । यसबाट निर्माण कार्य निर्धारित गुणस्तर र परिमाणमा भएको यकिन गर्न सकिने अवस्था देखिएन, नगरपालिकाले यस्तो व्यवहारमा सुधार गरि ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

| S. No. | IFB No. | Project Name | Estimate without contingency, PS and VAT | Estimate with VAT and PS | बोलपत्रदाताको नाम | कबोल अंक (VAT र PS सहित रु.) | घटी प्रतिशत | Agreement From( सम्झौता मिति ) | Agreement To |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | 01/NCB/TM/W/2079/080 | Shanti tol-Lomas chowk-Adhyan school-Milan nagar parne chetra ma bato kalopatray, ward-10 | २,३५०,६८१.७३ | २,६९५,२७०.३५ | Bio Engineering Construction | २,५७५,२५२.०० | ४.५२ | ८/१४/२०७९ | १२/१४/२०७९ |
| २ | 02/NCB/TM/W/2079/080 | Ring road-Pragati nagar-Singapur colony-Karya Binayak-Bich Binayak tol ma sadak Paaki, ward-10 | ७,२०९,८६९.०५ | ८,१८६,१५२.०३ | Bio Engineering Construction | ६,९५५,९२६.८५ | १५.१ | ८/१४/२०७९ | १२/१४/२०७९ |
| ३ | 03/NCB/TM/W/2079/080 | Triyog-San-Dip Margh antargat Sadak Kalopatrey tatha Overlay, ward-06 | ३,७६९,२२२.१५ | ४,३२६,७२१.०३ | binaya nirman sewa | ३,६११,२८०.०० | १६.८ | ८/१४/२०७९ | १२/१४/२०७९ |
| ४ | 04/NCB/TM/W/2079/080 | Fluorescent school agadi bataa Baburam Koirala ko ghar samma Sadak Kalopatray, ward-11 | ३,८४३,१०६.५६ | ४,४११,७१०.४१ | N.A.B.D. Construction & Suppliers (Pvt) Ltd. | ३,३५१,५९०.६७ | २४.४१ | ८/१४/२०७९ | १२/१४/२०७९ |
| ५ | 05/NCB/TM/W/2079/080 | Tokiyo bazar-Jagaran tol-Lomas chowk-Shantipath-Swetsadan jane bato pakki, ward-09 | ३,५१२,३३४.४८ | ४,००६,९३७.९६ | binaya nirman sewa | ३,९२२,४५७.९४ | २.१३ | ८/१९/२०७९ | १२/१९/२०७९ |
| ६ | 06/NCB/TM/W/2079/080 | Baniyatar Pool dekhi Ganesthan samma sadak Kalopatray, ward-11 | ११,७५१,१३०.५२ | १३,३७०,७७७.४९ | Freeman Business Pvt. Ltd | ११,१७३,८३०.९० | १६.५४ | ८/१९/२०७९ | १२/१९/२०७९ |
| ७ | 07/NCB/TM/W/2079/080 | Greenland chowk warapara Kalopatray, ward-08 | ७,४८४,००७.४४ | ८,५२५,९२८.४१ | Apollo Infra pvt.ltd | ७,१०५,०५७.४४ | १६.८ | ८/२९/२०७९ | १२/२९/२०७९ |
| ८ | 08/NCB/TM/W/2079/080 | Labu dekhi Faidol hudai Bhalung samma ra Laghu hudai Malung Road Upgrade, ward-02 & 01 | ८,३७२,२३३.२० | ९,५४५,६२३.५२ | Bio Engineering Construction | ७,०७१,७४४.२४ | २६.१५ | ९/८/२०७९ | १२/१९/२०७९ |
| ९ | 09/NCB/TM/W/2079/080 | Malung dekhi Niure khola jane sadak kalopatray, ward-01 | ७,८८६,४२६.३२ | ८,९९६,६६१.७४ | Bio Engineering Construction | ६,६६६,४७०.८७ | २६.१५ | ८/१९/२०७९ | १२/३०/२०७९ |
| १० | 10/NCB/TM/W/2079/080 | Labu hudai Malung Sadak Kalopatray, ward-02 | २५,५२८,५४३.६० | २८,९७२,२५४.२७ | BAISDHARA NIRMAN SEWA/BISHWOJIT NIRMAN SEWA JV | २३,७०६,४४९.४१ | १८.२५ | १०/२२/२०७९ | ३/१५/२०८० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | 12/SQ/TM/G/2 2079/080 | Procurement of Medicine | | – | | – | | | |
| १३ | 13/NCB/TM/W 2079/080 | Ward-10 ka Bibhina Sadak haru Overlay | ४,२४७,००३.७८ | ४,८३०,११४.२७ | Karmi Dada Nirman Sewa | ४,०१८,२४५.५७ | १६.९२ | १०/९/२०७९ | १/३१/२०८० |
| १४ | 14/NCB/TM/W/2079/080 | Construction of Lift on Tilingatar School Block B Ward-07 | ४,४२२,७१६.५७ | ४,९९७,६६९.७२ | Creative Builders | ४,८५०,३२७.४८ | २.९५ | ८/२९/२०७९ | १२/३०/२०७९ |
| १५ | 15/NCB/TM/W/2079/080 | Tokha Nagarpalika ward-08 ra ward 11 jodne Baniyatar Pool Nirman Karya | ४१,११४,९०३.९९ | ४८,४२१,६९५.०७ | Puspanjali /Ralukadevi JV | ४०,१६०,७९९.०१ | १७.७८ | १०/२२/२०७९ | ९/२२/२०८० |
| १६ | 16/SQ/TM/G/2079/080 | Supplying and Delivery of Motorcycle | | – | | १०,२८७,६०८.९२ | | | |
| १७ | 17/NCB/TM/W/2079/080 | Bhuwaneswori Tole ra Sakriya Tole ma Sadak Kalopatray, ward-08 | ३,९२५,२८२.२० | ४,५१५,५६८.८९ | binaya nirman sewa | ३,७५६,०६४.३६ | १७.१२ | ९/१९/२०७९ | १/३१/२०८० |
| १८ | 18/NCB/TM/W/2079/080 | Baluwapati-Dhaneswor - Dhamaltar-Bhatkepati Sadak Upgrade, ward-03 | ११,८८८,०८५.०० | १३,५९६,५३६.०५ | KTS Nirman Sewa | १०,२८७,६०८.९२ | २४.६३ | ९/१९/२०७९ | १/३१/२०८० |
| १९ | 19/NCB/TM/W/2079/080 | Faidol Iko Chakhu Sadak Upgrade, ward-03 | २५,२४९,५३७.२५ | २८,६४६,९७७.०९ | Mangaldeep Multipurpose | २३,३९५,३६९.६१ | १८.४१ | १०/२२/२०७९ | ३/१५/२०८० |
| २० | 20/NCB/TM/W/2079/080 | Laxmi Chowk dekhi Futung Mul Sadak Slab Dhalan, ward-03 | ४,२१५,४५८.७६ | ४,८०७,४६८.४० | Oracle Engineering Solution | ३,४३१,९९९.०४ | २८.८८ | १०/२२/२०७९ | ३/१५/२०८० |
| २१ | 21/NCB/TM/W/2079/080 | Sai Baba Chowk dekhi Hattigauda jane Bishnumati Pool saamma Khanepani Pipeline sahit Sadak Upgrade, ward-03 | १०,५७७,७१२.३५ | १२,०१७,८१४.९६ | Prabin Construction | ६,१६४,४५५.२४ | ४८.९७ | ११/१६/२०७९ | ३/१५/२०८० |
| २२ | 22/SQ/TM/W/2079/080 | Manohar Ma.Bi. ma Truss Nirman Karya, Ward-10 | १,७०३,७७३.६८ | १,९२५,७६४.२६ | Suhana Construction | १,९१३,५३८.०७ | ०.६४ | ११/१६/२०७९ | ३/१५/२०८० |
| २३ | 23/NCB/TM/G/2079/080 | Ward bhitraka mul tatha sayak batoharu ma CC Camera tatha sadak batti jadan karya, ward-10 | २,९९०,२७८.३५ | ३,३७९,०१४.५४ | Freeman Business | २,३६९,४२९.२० | २९.८८ | ११/१६/२०७९ | 3/15/2080 |
| २५ | 25/SQ/TM/W/2079/080 | Tilingtar Ma.Bi. Bhawan Nirman tatha Finishing karya, ward-07 | १,६८१,७५६.०४ | १,९२२,३८४.३३ | Jireshwori builders<br>pvt ltd | १,६०३,९२७.२३ | १६.७६ | ११/१६/२०७९ | ३/१५/२०८० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २६ | 26/SQ/TM/ W/2079/080 | U aakaar, Shanti basti ra Triyog marga shital basti Gate no. 2 ma sadak upgrade, ward-06 | १,१९९,०८८.३२ | १,३८३,९६९.८० | | १,६०३,९२७.२३ | १६.२३ | | |
| २७ | 27/NCB/TM/ W/2079/080 | Construction of Compound wall,Retaining wall and Interlock Block of Tokha Municipality | ७,५२८,४५४.२९ | ८,५७६,१५३.३५ | Sichu Engineering Services P.Ltd | ५,४७१,९०३.८६ | ३६.४९ | १२/८/२०७९ | ३/१५/२०८० |
| २८ | 28/NCB/TM/ W/2079/080 | Ward -09 ko Bibhinna Sadak Overlay | २,५३९,२८१.६७ | २,८९१,३८८.२९ | Karmi Dada Nirman Sewa | २,४६१,१४४.५५ | १४.९९ | १२/८/२०७९ | ३/१५/२०८० |
| २९ | 29/NCB/TM/ W/2079/080 | Bishnumati Corridor Naya Buspark dekhi Manohar Tirtha Samma Sadak Pakki, ward-09 | २५,५८१,२३४.९० | २८,९६०,७९५.४४ | Sugam/Freeman JV | २५,७२६,००८.१७ | ११.१९ | | |
| ३० | 30/SQ/TM/ W/2079/080 | Construction of Truss and Finishing works of Ward Office, ward-09 | १,७०८,८५८.८२ | १,९३१,५१०.४७ | binaya nirman sewa | १,६०५,४२१.७१ | १६.८९ | | |
| ३१ | 31/SQ/TM/ W/2079/080 | Road Upgrade of Binayak Margh, ward-10 | १,६९७,५६९.२९ | १,९३१,२५३.३० | Bio Engineering Construction | १,५२२,२२२.१५ | २१.३२ | | |
| ३२ | 32/SQ/TM/ W/2079/080 | Finishing works including Aluminium works & Grill works of Tokha Municipality Office | १,६९७,८४९.४३ | १,९१९,५६९.८६ | Sonak Construction | १,४९३,८५२.०४ | २२.१९ | | |
| ३३ | 33/SQ/TM/ W/2079/080 | Bhadari Tol Pipal boot dekhi Samakhusi Chowk samma Road Upgrade,ward-10 | १,६९८,१०६.८८ | १,९३१,८६०.७७ | Bio Engineering Construction | १,९१५,९९९.९९ | ०.८३ | | |
| ३४ | 34/NCB/TM/ W/2079/080 | Bishnumati Tol Bikas Sanstha Antargat Road Upgrade,Ward-03 | ३,६२४,६१७.०१ | ४,१०६,८१७.२२ | Kasara Construction | ३,४०४,९६६.३० | १७.१४ | | |
| ३५ | 35/NCB/TM/ W/2079/080 | Construction of Retaining wall and compound wall of Ward Office, Ward-06 | ३,८२७,४८९.२४ | ४,४१६,०६२.८४ | DURLAV-KUNDALA MAI J.V | २,९४१,९२२.०९ | ३४.०८ | | |
| ३६ | 36/SQ/TM/ W/2079/080 | Sadak Kalopatray at Kunwar Colony, Ward-06 | १,३०२,१७४.७३ | १,४९८,४५७.४४ | | २,४६१,१४४.५५ | ६५.४२ | | |
| ३७ | 37/SQ/TM/ W/2079/080 | U aakaar Sadak Kalopatray, ward-06 | १,५४३,२६१.९४ | १,७७०,८८५.९९ | Than Nirman Sewa | १,३२१,७७७.७३ | २५.७५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३८ | 38/NCB/TM/W/2079/080 | Bishnumati Corridor Jagaran Tol dekhi Manohar Tirtha Samma Sadak Pakki, ward-09 | २४,२१०,१७८.४२ | २७,४११,५०१.६१ | Rabin & Shreya Construction | २१,६३४,२८३.०३ | २१.१२ | | |
| ३९ | 39/NCB/TM/W/2079/080 | Gorakhakali Mandir Nirman Karya, ward-11 | १०,७१६,५०१.६९ | १२,१६१,१४६.९१ | Bhairabi Construction | १०,१४१,१५६.५५ | १६.६८ | | |

६९ **प्रशासकिय भवन** – पालिकाको प्रशासकीय भवन निर्माणका लागि मिति २०७६।६।१५ मा सुचना प्रकाशन गरी सम्झौता पश्चात पनि ७ महिनासम्म पनि कार्यस्थल प्राप्त नभएको भनी निर्माण व्यवसायिकले पत्राचार गरेको देखिन्छ।मिति २०७८।१०।१० मा सम्पन्न हुने गरी सम्झौता भएकोमा म्याद थप गरी मिति २०८०।३।३० सम्म पुर्याइएको छ।भवन निर्माण सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार रहेका छन्:

• भवन निर्माणका बखत रु ११०९८७५०९.३१ VAT र PS बाहेक रु ११०९८७५०९.३१ रहेकोमा रु ३१८६३२०४ ले भेरिएशन जारी भई रु १५,६२,७९,०८९ रकम पुगेको देखिन्छ।

• सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम तथा S.C.C को शर्त अनुसार ३० प्रतिशत कार्य सम्पन्न भए पश्चात र ८० प्रतिशत कार्य सम्पन्न हुँदात् सम्म शत प्रतिशत पेश्कि फछ्यौट भइ सक्नुपर्नेमा ८० प्रतिशत कार्य भए पश्चात अन्तिम रनिङ्ग विलमा आइपुग्दा ६० लाख विभिन्न बिलहरुबाट गएको देखिन्छ ।

• प्रशासकीय भवनको लागत अनुमान गर्दा BOQमा छुटेको कार्य भनि बाँकी कार्यहरुलाई निम्न बमोजिम गराएको देखिन्छ ।

| सि. नं | कार्यविवरण | रकम |
|---|---|---|
| १ | आल्मुनियम सिसाको झ्याल | १४९२८५२ |
| २ | कम्पाउन्ड पर्खाल र | ५४०२९०२ |

७० **बैठक भत्ता** - एउटै कार्यालयका कर्मचारी मात्र बसेको बैठकको भत्ता भुक्तानीः गो भौ नं ७८१।२०७९।१०।११ र २०४३।२०८०।०३।२१ अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका २०७७ को ७.१.१ को ३ मा एउटै निकाय र अन्तरगतका पदाधिकारी/ कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गर्न नमिल्ने व्यवस्था गरेको छ ।यस पालिकाले खरिद इकाई समितिको विभिन्न समयमा नगरपालिकाका कर्मचारी मात्र बसेको ७७ वटा बैठकको भत्ता भुक्तानी गरेको देखिएकोले अस्वभाविक बैठक भत्ता असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२५,५१० |

७१ **व्यक्तिको नाममा भुक्तानी** - सरकारी खाता संचालन निर्देशिका २०७६ परिच्छेदमा खर्च भएको रकम सम्बन्धित पार्टीको नाममा जम्मा हुने व्यवस्था रहेको छ । पालिकाले निम्न भौचरबाट रकम खर्च गर्दा विभिन्न कर्मचारी / व्यक्तिको नाममा भुक्तानी गरेको देखिन्छ।वित्तिय अनुशासन र खर्च प्रणालीलाई व्यबस्थीत गर्नका लागि नियमानुसार सम्बन्धित आपूर्तिकर्ताको नामबाटै भुक्तानी हुने व्यबस्था गर्नुपर्दछ । केही उदाहरण निम्न छन्

| गौ. भौ . नं | रकम | कार्यक्रम | व्यक्ती |
|---|---|---|---|
| ९० — ०७९।०७।०६ | ९४१८४ | सि सि टि भि मर्मत तथा वत्ति मर्मत | बावुराम अधिकारी |
| ९१— ०७९।०७।०६ | ९१४४२ | वत्ती मर्मत | चक्र वहादुर श्रेष्ठ |
| २०५ — ०७९।०९।२२ | १३१९५८ | रंगरोगन लगाउने | शालिकराम गौतम |
| २०६— ०७९।०९।२२ | ३५००० | सडकवत्ति मर्मत | शालिकराम गौतम |
| २११ — ०७९।०९।२४ | २०८०० | विभिन्न मर्मत | श्याम सुन्दर थापा |
| २२८ — ०७९।१०।०३ | ४६०५१ | सडक वत्ति मर्मत | लक्ष्मी वहादुर श्रेष्ठ |
| २४४ — ०७९।१०।११ | ४२५०० | खानेपानी वितरण | दिनेश सापकोटा |
| ९०५ — ०८०।०३।२३ | ७५३६१ | सडक वत्ति मर्मत | लक्ष्मि वहादुर श्रेष्ठ |
| ३२६ — ०७९।११।१६ | १४५९५० | विभिन्न मर्मत | राम गौतम |
| ९४८— ०८०।०३।२४ | ६६८५४ | मर्मत | शालिकराम गौतम |

७२ **कार्यक्षेमा दोहोरोपन -**नगरसभा पारित बजेट रु २ लाखबाट ५७५००० बनाई पालिका र महादेवटार टोल विकास उपभोक्ता समिति सँग मिति २०७८।११।११ मा भएको सम्झौता बमोजिम रेलिङ्ग निर्माण वृक्षारोपण सार्वजनिक जग्गामा संरक्षण लागी रु ६४१९१८.१४ (उपभोक्ता समितिको रु ६६९१८.१४ सहित बनाइएको। अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समिति ले मिति २०७९।३।५ मा पत्राचार गरी मन्त्रिपरिषद्को मिति २०६५।८।१ निर्णय अनुसार २० मिटर भित्र नदीको मापदण्ड भित्र निर्माण कार्य भइरहेको भनी निर्माण कार्य तत्काल रोक्न पत्राचार गरेको देखिन्छ। तथापि पालिकाबाट मिति २०७९/०६।११मा रु २५९१६० भुक्तानी भएको देखिन्छ ।यसरी कार्यक्रम तर्जुमा गर्दा कार्यक्षेमा दोहोरोपन नहुने गरी गर्नुपर्दछ ।

७३ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहरमैलाको प्रबन्ध र व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुने उल्लेख छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

- ऐनको दफा १३(१) अनुसार यस ऐन बमोजिम स्थानीय तहको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन नसक्ने व्यवस्था रहेकोमा हालसम्म पालिकाबाट कसैले पनि फोहरमैला व्यवस्थापन कार्यको अनुमति लिएको छैन । तर हाल पालिकामा अनुमती बेगर नै फोहरमैला संकलनको कार्य गरिरहेको जानकारी प्राप्त हुन आएको छ ।

- ऐनको दफा १४(१) अनुसार यस ऐन बमोजिम स्थानीय तहले अवश्यकता अनुसार दफा १३ बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट दफा १५ बमोजिम प्रतिस्पर्धा गराई वा पूर्वाधार

संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानून बमोजिमको कुनै प्रक्रियाको अवलम्बन गरी आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्ने व्यवस्था छ । तर पालिकाले दिएको जानकारी अनुसार हाल ९ वटा निजी कम्पनीले फोहरमैला व्यवस्थापनको कार्य गरिरहेकोमा तोकिएको कानूनी प्रक्रियाको अवलम्बन गरेको देखिएन ।

- ऐनको दफा १५(१) अनुसार स्थानीय तहले दफा १४ बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्ववान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्ने र दफा १५(२) मा उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थाकको छनौट गर्दा त्यसका आधार समेत उल्लेख गरेको छ । तर पालिकाको क्षेत्रभित्र प्रतिस्पर्धा बेगर नै ९ निजी कम्पनीले फोहरमैला व्यवस्थापनको कार्य गरिरहेका छन् ।

- ऐनको दफा १५(४) अनुसार उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले स्थानीय तहसँग गरेको सम्झौताको अधिनमा रही दफा १८ बमोजिमको शुल्क उठाउन सक्ने व्यवस्था छ । तर पालिका क्षेत्र भित्र घरधुरीबाट अनुमति बेगर उक्त निजी कम्पनीहरुले सेवा शुल्क संकलन गरिरहेको अवस्था छ ।

- ऐनको दफा १८(१) अनुसार सेवा शुल्क उठाउन सक्ने र दफा १८(५) अनुसार शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने अम्दानी स्थानीय तहले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधिनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले हालसम्म फोहरमैला व्यवस्थापनको शुल्क नतोकेको तथा सोबाट कुनै पनि आम्दानी समेत प्राप्त गरेको छैन ।

- ऐनको दफा ५१(१) अनुसार यो ऐन तथा ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही स्थानीय तहले विभिन्न प्रकृत्तिका फोहरमैला व्यवस्थापनको लागि बेग्लाबेग्लै मापदण्ड जारी गर्न तथा दफा ५१(२) अनुसार सम्बन्धित स्थानीय तहले फोहरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशिका बनाई लागु गर्न सक्ने व्यवस्था छ । तर पालिकाले हासम्म यस ऐनको कार्यान्वयनका लागि आवश्यक पर्ने मापदण्ड र निर्देशिकाहरु जारी गरेको छैन ।

- पालिकाबाट प्राप्त विवरण अनुसार पालिका भित्र ९ निजी कम्पनीले आ.व ०७९।०८० मा देहाय बमोजिम न्युनतम शुल्कका आधारमा रु.५,८४,१२,२५०।०० संकलन गरेको देखिन्छ जुन गत वर्षकै बराबरी देखिन्छ । पालिकाको अनुमति तथा प्रचलित कानुन व्यवस्था विपरित फोहरमैला व्यवस्थापन तथा सेवा शुल्क संकलन गर्दा त्यसबाट पालिकाले प्राप्त गर्ने आन्तरीक आयमा परेको नोक्सानी एवम् असरको विश्लेषण गर्दै ऐन बमोजिम फोहरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशिका बनाई सोबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने अम्दानी स्थानीय तहले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधिनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्चगर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| क्र.सं. | संस्थाको नाम | कार्यरत वडा | घरधुरी | शुल्क दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | हिमालयन वातावरण संरक्षण प्रा.लि. | ३,४,५,६,७ | ३१७५ | ४०० | १६५१०००० |
| २ | मेट्रो वेस्ट म्यानेजमेण्ट सर्भिस प्रा.लि. | १,२,३,६,८ | १९८० | ४०० | १०२९६०००० |
| ३ | नेप्सेम्यक सेवा प्रा.लि. | ४ | ४५० | ४०० | २३४००००० |
| ४ | वातावरण संरक्षण केन्द्र | हिमालयन वातावरण संरक्षण प्रा.लि. | फोहोर संकलन कार्य नगर्ने, तालिम तथा | | |
| | | सँग सहकार्य | चेतनामूलक कार्यहरु गर्दै आएको | | |
| ५ | हातेमालो सरसफाई सेवा प्रा.लि. | ९ | ६५० | २००-५०० | १६९००००० |
| ६ | नेपाल फूलवारी सेवा प्रा.लि. | ३,६,७,८,१०,११ | ३५०० | ३००-३५० | १३६५०००० |
| ७ | विनायक फोहोरमैला व्यवस्थापन प्रा.लि. | २,३,७,८,९,१०,११ | ३००० | २००-७०० | ७८००००० |
| ८ | टोखा गोगंबु सरसफाई सेवा प्रा.लि. | २, ३ | १८५० | २५०-३५० | ६०१२५०० |
| ९ | स्वच्छ समाज सुधार विकास केन्द्र प्रा.लि. | १०, ११ | ३५ | २५०-३०० | ११३७५० |
| | जम्मा | | १४६४० | | ५८४१२२५० |

७४ **टुक्रा खरिद -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४१ तथा नियमावलीको नियम ८५ र ८६ मा सोझै खरिद सम्बन्धी व्यवस्था उल्लेख रहेको छ । जस अनुसार पालिका कार्यलयले खरिद योजना बनाई आइटम अनुसार प्याकेजहरु छुट्टाएर फर्निचर तथा फिक्चरका सामान खरिद गर्नुपर्नेमा सो नगरी सोझै वा ३ वटा फर्मसँग खुला दररेट लिई खरिद गर्ने गरेको पाइयो । यसरी केही सामानका हकमा फरक फरक मुल्यमा उही सामान खरिद गरेको समेत देखिन्छ । पालिकाले आगामी दिनमा खरिद योजना बनाई यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ । यसका केही उदाहरण निम्न बमोजिम छन् ।

| गो. भौ . नं | सामान | भुक्तानी |
|---|---|---|
| ११९ - ०७९।०८।१२ | फर्निचर | ९९७७९ |
| १५९ — ०७९।०९।०४ | फर्निचर | ८५८८० |
| १६१ — ०७९।०९।०४ | फर्निचर | ३१९११२ |
| २७५— ०७९।१०।१९ | फर्निचर | १२५१७०१ |
| २७८— ०७९।१०।२४ | फर्निचर | ४१३०१५ |
| ३०७ — ०७९।११।१० | फर्निचर | ९०४०० |
| ३४७ — ०७९।११।१८ | फर्निचर | ८७२१३४ |
| ६८० — ०८०।०३।०१ | फर्निचर | ६३२८० |
| ७२४ — ०८०।०३।०८ | फर्निचर | २९१५४० |
| ८३२ — ०८०।०३।२० | फर्निचर | २६६०० |
| ८७२ — ०८०।०३।२२ | फर्निचर | ५३४६६० |
| ९२९ — ०८०।०३।२४ | फर्निचर | ३७६२०२ |
| ९५१ — ०८०।०३।२४ | फर्निचर | ३३६५१४ |
| ९५२ — ०८०।०३।२४ | फर्निचर | ९२१८५४ |
| ९५३ — ०८०।०३।२४ | फर्निचर | ६११८०४ |
| ९६८ — ०८०।०३।२४ | फर्निचर | ४०२३९३ |

७५ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइको निम्नानुसारको सोझै खरिद गरेको देखियो ।

| गो.भौ.नं मिति | विवरण | रकम |
|---|---|---|
| ७७२।१०।११ | कार्यालय सामाग्रि | ३०२५५७ |

| | | |
|---|---|---|
| ८४१।२०७९।१०।२० | ठुलो आकारको डस्टविन खरिद | ९८७१६७ |
| ८४३।२०७९।१०।२० | डस्टविन खरिद | ६९४१०२ |
| ८४५।२०७९।१०।२० | कम्पोष्ट विन तथा डष्टविन खरिद | ९९५५३० |
| १०३३।११।२५ | विभिन्न कार्यविधि छपाई | ९०००४५ |
| २१६३।२०८०।०३।२४ | स्वीङ डस्टविन वडा नं ४ | ९९९६४४ |
| ३२४।२०७९।०७।०३ | हिउदे तरकारीको विउ खरिद | ७५०००० |
| ४२४।२०७९।०८।०९ | हिउदे तरकारीको बिउ खरिद वडा नं २ | २००००० |

७६ **सीमाभन्दा बढीको काम -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्मको लागत अनुमान भएको काम उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । त्यस्तो लागत अनुमानमा पालिकाको योगदान, उपभोक्ताको योगदान, मूल्य अभिवृद्धि कर, कन्टेन्जेन्सी, ओभरहेड समेत हुने उल्लेख छ । देहायका उपभोक्ता समितिबाट गराएको काममा जनसहभागिताबाट पालिकाको योगदान मात्र रहेको अवस्थामा सबै विषय समावेश गर्दा रु.१ करोड नाघ्ने देखिन्छ । यसरी पालिकाले नियम विपरीत तथा कानुनले तोकेको सीमाभन्दा बढीको काम गराएको अनियमित देखिन्छ ।

| गौ. भौ . नं | उपभोक्ता समितिको नाम | कार्य विवरण | जम्मा लागत अनुमान | ओभरहेड सहित हुन आउने रकम |
|---|---|---|---|---|
| ६८३।०८०।०३।०३ | धापासी चण्डेश्वरी टोल उ स | ढल व्यवस्थापन एवं शेयरवाल निर्माण | ९४४२७६२।०० | १०८५९१७६।०० |
| ८२२।०८०।०३।२० | समृद्ध टोल विकास संस्था | दाहाल गौडा जडिबुटी पार्क निर्माण | ८८९१६०७।७४ | १०२२५३४८।०४ |

| | |
|---|---|
| अनियमित भएको | २,१०,८४,५२४ |

७७ **टोल विकास संस्थावाट भएका कार्य -** सार्वजनिक खरिद ऐन,२०६४ को दफा ८ (१) अनुसार मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्नुपर्दा उपभोक्ता समिति वा लाभग्राही समुहलाई सहभागी गराएर गर्न सकिने व्यवस्था छ ।पालिकाले टोल विकास समिति गठन, संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ को अधिनमा रहि विधान तयार गरि सोहि विधान वमोजिम संस्थाहरु दर्ता गरेको छ । नगरपालिकाले संगठित संस्थाका रुपमा दर्ता भएका त्यस्ता संस्थाहरुको विधानमा नगरपालिकाको योजना तर्जुमा, अनुगमन र मुल्यांकन प्रक्रियामा सहभागिता जनाउने प्रमुख उद्येश्य रहेको देखिन्छ । विधानमा संस्थाले निर्माणसंग सम्वन्धित कार्यगर्ने सम्वन्धमा उल्लेख गरेको छैन । यस वर्ष पालिकाले उक्त संस्थालाई टोल विकास समिति गठन, संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि तथा

संस्थाको विधान विपरित उपभोक्ता समिति वा लाभग्राहि समुह सरह मान्यता दिइ प्रतिस्प्रर्धा वेगर रु ६७ करोड २९ लाख ७८ हजारको निर्माण कार्य गर्न लगाई भुक्तानी दिएको छ । विधमान सार्वजनिक खरिद कानुनले उपभोक्ता समिति वा लाभग्राहिको रुपमा पहिचान नगरेको संस्थाको निर्माण सम्वन्धि कार्य गर्ने क्षमता र संरचना समेत नदेखिएको अवस्थामा यस्तो निर्माण कार्य संस्थाले निर्माण व्यवसायीवाट नै गर्नुपर्ने गुनासो समेत सुनिन आएकोले विकास समिति गठन, संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधिको समेत विपरीत हुने गरी प्रतिस्प्रर्धा वेगर गराएको उक्त निर्माण कार्य नियम संगत देखिएन । टोल विकास संस्थावाट भएका कार्यको केहि उदाहरण निम्न छन् ।

| टोल विकास संस्था वा उ. स . को नाम | योजना तथा कार्यक्रमको नाम | कुल लागत अनुमान | न. पा . वाट भुक्तानी रकम |
|---|---|---|---|
| खोला टोल विकास संस्था | बिडारीगाउँ ढाँडखोला क्रियापुत्री ट्रस निर्माण | ३३८१८७.२८ | २९६२७५ |
| लालबारी टोल विकास संस्था | गेलालबारी कुल देवताथान निर्माण | ३३५०५०.७८ | २९७९४९.७१ |
| सुन्दर वस्ती टोल विकास संस्था | सुन्दरवस्ती टोलको सडकमा ढल ढलान | ३३४९७१४.०९ | २९०६१७०.८३ |
| विष्णुमति टोल विकास संस्था | वडा ३ मा ढल तथा खानेपानी निर्माण | २८८९५३०.८९ | २५९१४४९.६६ |
| श्री मुक्तेश्वर महादेव मन्दिर संरक्षण समाज | मुक्तेश्वर शिव मन्दिर निर्माण | ४१९८७९३।४४ | ३७७५०००।०० |
| कैलाश मार्ग टोल विकास संस्था | सडक ढलान | ६५४०७१४।४६ | २५३५५०६ |
| शान्ति टोल सुधार समिति | बाटो मर्मत तथा पक्कि | ३८९४२४७।६१ | २५२३३५४ |
| बुद्ध मार्ग टोल विकास संस्था | सडक ढल तथा पक्कि करिडोर | ६६१२७९०.८८ | ५९५०००० |
| उच्च सुर्यदर्शन धमल टोल विकास संस्था | सडक ढलान कार्य | २९४४६५८.४४ | २४५८४०१.९४ |
| चोवुलि टोल विकास संस्था | बाटो स्तरोन्नती | २२३९०४०.८३ | १९९६७३३.६८ |

७८ **अन्य निकायलाई अनुदान / खर्च -** सार्वजनिक खरिद ऐन, २०६४ ले वस्तु, सेवा तथा निर्माणका कार्य खरिद गर्दा अपनाउनु पर्ने विधिको व्यवस्था गरेको छ । त्यसैगरी स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधारहरु तयारगरि स्रोत अनुमान तथा सिमा निर्धारणका आधारमा अवण्डा नराखी आय व्यय पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाको ०७९ असार २६ गतेको बैठकबाट रकम अबण्डा राखेको छ । उक्त अबण्डा रकमबाट विभिन्न कार्यक्रम बनाई कार्यक्रम

सम्पन्न पश्चात नगरकार्यपालिका बैठकलले अनुमोदन गर्ने गरेको छ ।नगरपालिकाको अनुदान व्यवस्था तथा संचालन कार्यविधि अन्तर्गत भनि खानेपानी लिमिटेड तथा विद्युत प्राधिकरणलाई रकम भुक्तानी गरेको देखिन्छ ।नगरपालिकाको मिति २०७९।०८।०८ गते वसेको अनुदान परिचालन समितिको वुदां नं १ र २ मा कार्यविधि अनुसार प्रदान गरेको अनुदानवाट संचालित कार्यक्रमको कानुन बमोजिम खर्च भए नभएको सम्बन्धमा यकिन गर्न कार्यसम्पन्न प्रतिवेदन , लेखापरीक्षण प्रतिवेदन लगायतका अन्य कागजात पेश गर्ने गरी अनुदान निकासा उपलव्ध गराउने निर्णय गरेको छ । लेखापरीक्षणका क्रममा निर्णय वमोजिमका कागजातहरु पेश नभएकोले नियमानुसार प्रमाण पेश हुनुपर्ने ।

| सिन | अनुदान पाउने संस्था | कार्य विवरण | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | काठमाडौं उपत्यका खानेपानी लिमिटेड | नगरपालिकाको विभिन्न स्थानमा खानेपानी पाइप विस्तार | १५९८८७०६.५३ | विभिन्न १५ वटा गौ. भौ वाट भुक्तानी |
| २ | नेपाल विधुत प्राधिकरण | नगरपालिकाका सडक पोलहरु व्यवस्थापन | २६५०७२९.२४ | विभिन्न ९ वटा गौ. भौ वाट भुक्तानी |
| ३ | नागरिक कल्याण संस्था | सवारि साधन मर्मत | १६८०८२ | गौ. भौ . न ५९६।२०७९।९।७१ |
| ४ | प्रहरी प्रभाग टोखा | सवारि साधन मर्मत | ३७८५५० | गौ. भौ . न २७४।२०७९।६।२६ |

*✍ ..........प्रारम्भिक प्रतिवेदन उपर भई प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२० को निर्णयनुसार यस दफाको सि.नं ३ को महानगरिय प्रहरी वृत महाराजगञ्जको रु.२६०१४७ सम्परीक्षण गरिएको । )*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९१,८६,०६७.७७ |

७९ **भुक्तानी दिन वाँकीको कच्चावारि** -आर्थिक कार्यविधि नियमावलि २०६४ को नियम ४० (७) वमोजिम चालु वर्षको वजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा नियमानुसार सम्वन्धित जिम्मेवार पदाधिकारीवाट प्रमाणित गराइ राखुपर्ने व्यवस्था छ । यस नगरपालिकाले आ.व २०७८।०७९ मा दायित्व सिर्जना भएका भुक्तानी दिन वाँकीको विवरणमा उल्लेख गरि रु३४३७२३२।०० अद्यावधिक गरि राखेको छ ।यसैगरी उक्त अद्यावधिक विवरणमा उल्लेख भएका वाहेक अन्य खर्चहरु पनि भुक्तानी दिन वाँकी भनि आ.व ०७९।०८० मा भुक्तानी दिएको पाइयो । नियमानुसार प्रमाणित नगरी भुक्तानी दिएको सम्वन्धमा भुक्तानी दोहोरो भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

८० **बढी आमन्त्रित** - सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धि मापदण्ड,२०७७ को बुँदा नं ६ को ७ मा कानुन बमोजिम गठन भएको समिति वा संचालक समितिको बैठकमा विषय विज्ञ बाहेक आमन्त्रित सदस्यको रुपमा

सहभागी हुनेले बैठक भत्ता नपाउने तथा अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका,२०७७ मा बैठकमा आमन्त्रित सदस्य संख्या ३ जना भन्दा बढी राख्न नमिल्ने व्यहोरा उल्लेख छ । नगरपालिकाले विभिन्न प्रकारका बैठक भत्ता भुक्तानीमा समितिका सदस्यहरु बाहेकका आमन्त्रितको संख्या तोकिए भन्दा बढी राखी भुक्तानी गरेको देखियो। तसर्थ तोकिएका निर्देशिका तथा मापदण्डको पालना गरी खर्च भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।यसका केही उदाहरण निम्न अनुसार रहेको छ ।

| गो भौ नं र मिति | बैठक | संख्या | रकम |
|---|---|---|---|
| १५२२।२०८०।२।१० | राजस्व परामर्श समिति | सदस्यसंख्याः७ जना<br>आमन्त्रितः२० जना | १५८६०० |
| ९६९।२०७९।११।१५ | अपाङ्गता परिचय पत्र वितरण समितिको बैठक | सदस्यसंख्याः ८जना<br>आमन्त्रितः११ जना | ३०००० |

८१ **योजना अनुगमन -** स्थानीय तहको योजना तर्जुमा दिग्दशर्न,२०७८ को २.६.१२ मा आवधिक योजना, नीति तथा कार्यक्रमले लिएको लक्ष्य ,उद्देश्य तथा अपेक्षित प्रतिफल हासिल हुनेगरि बजेट खर्च भए नभएको सम्बन्धमा स्थानीय तहले आफुले संचालन गरेका योजना तथा कार्यक्रममा अनुगमन तथा मुल्यॉंकन गर्नुपर्दछ । उद्देश्य अनुरुप खर्च प्रणालीलाई व्यवस्थित गर्न तथा मुल्याकंन पद्धतीवाट आगामि कार्यक्रम कार्यान्वयनमा सुधार गर्न अनुगमन तथा मुल्याङ्कनका विभिन्न औजारहरु उपयोग गर्नुपर्ने उल्लेख छ ।नगरपालिकाले यस आ व मा संचालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्यॉंकन गर्नका लागि रु २० लाख बजेट विनियोजन गरेकोमा रु.७ लाख ७९ हजार खर्च भएको देखिन्छ । नगरपालिकाले योजनाहरुमा अनुगमन गर्दा यथार्थपरक सुचक तयार नगरेको,विज्ञ समूह संलग्न नगराएको तथा अनुगमन प्रतिवेदन संलग्न नभएको देखिन्छ । सम्भव भएसम्म अनुगमन तथा मुल्याङ्कनमा विषय विज्ञ तथा सम्बन्धित सरोकारवालाहरुलाई संलग्न गराउनुपर्दछ ।आगामी आ.व को लागि पृष्ठपोषण रुपमा प्रयोग गर्न सकिने गरि सुचक बनाई अनुगमन गर्नुपर्ने व्यवस्था नगरपालिकाले मिलाउनु पर्दछ ।

८२ **सूचना प्रकाशन तथा छपाई -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ क मा गरीने खरिद कार्यविधिको व्यवस्था छ साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यवस्था छ साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (६) मा स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था उल्लेख छ ।नगरपालिकाले सूचना प्रकाशन तथा छपाई शीर्षकमा जम्मा रकम रु. ७४,८८,६४३।- खर्च गरेको देखिएको छ ।यस्तो प्रकृतिको खर्चलाई न्युनीकरण गर्नको लागि प्रतिस्पर्धात्मक खरिद विधि एकमुष्ट दरको बोल पत्र आव्हान गरी सो प्रक्रिया अवलम्वन गर्नुका साथै सरकारी रकमको खर्चमा दीर्घकालिन पुँजिवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ नगरपालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

८३ **विगतमा दिएको अनुदानको अवस्था -** नगरपालिकाले विगत वर्षमा दिएका अनुदानका केही व्यहोराहरु देहाय बमोजिम छन् ।

| क्र स | अनुदान दिएको आर्थिक वर्ष | अनुदानको क्षेत्र | कार्य क्रम संख्या | कार्यक्रमको नाम | अनुदान रकम | अनुदान उपयोगको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | आ.व २०७९/८० | कार्यालय व्यवस्थापन | २ | कार्यालय व्यवस्थापन ( मालपोत कार्यालय डिल्लीवजार र टोखालाई) | ३००००० ० | भएको |
| २ | आ.व २०७९/८० | पुजिगत निर्माण | १ | सार्वजनिक निर्माण ( ककनी गाउँपालिका) | १००००० ० | भएको |
| ३ | आ.व २०७९/८० | पुजिगत निर्माण | २ | सार्वजनिक निर्माण ( शिवपुरी गाउँपालिका) | १०००००० | भएको |
| ४ | आ.व २०७९/८० | खानेपानी | १५ | खानेपानी पाईपलाईन विस्तार तथा वोरिङ | १५९८८७०६/५ ३ | भएको |
| ५ | आ.व २०७९/८० | विधुत | ७ | विधुत तार तथा खम्वा व्यवस्थापन ( नेपाल विधुत प्राधिकरण) | २०००७२ ९/२४ | भएको |

उक्त अनुदान रकम उपयोगको प्रभावकारी अनुगमन गरी लक्षित नतिजा प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

८४ **नर्म्स प्रयोग -** नगरपालिकाले कार्यक्रम सञ्चालन तथा भत्ता व्यवस्थापन अर्थमन्त्रालयले स्वीकृत गरे भन्दा बढी हुने गरी नर्म्स प्रयोग गरेको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन । स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ मा स्थानिय तहले अधिकार क्षेत्र भित्रका विषयमा संघिय कानुनसंग नबाझिने गरि कानुन बनाउन सक्ने र बनाएको कानुन राजपत्रमा सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ ।नगरपालिकामा सञ्चालन हुने तालिम कार्यशाला गोष्ठी जस्ता कार्यमा प्रदान गर्ने भत्ता पारिश्रमिक यातायात खर्च व्यवस्थापन गर्न कार्यालयले तालिम कार्यशाला गोष्ठी सम्बन्धी नीति तथा स्वीकृत गरी प्रयोगमा ल्याएको छ सो नीति तथा नर्म्समा उल्लेख भएका दरहरु अर्थमन्त्रालयले जारि गरेको तालिम खर्च र मापदण्डका दर भन्दा बढी रहेको छ । स्वीकृत केन्द्रीय नर्म्स भन्दा फरक हुने गरी नर्म्स बनाई कार्यान्वयनमा ल्याएको उपयुक्त देखिएन ।नर्म्स मा एकरुपता कायम गराई मितव्ययी किसिमबाट खर्च व्यवस्थापन गर्नेतर्फ कार्यालयको ध्यान जानु जानु जरुरी देखिन्छ । नर्म्समा भएको फरक:

| विवरण | अर्थमन्त्रालयको नर्म्स | पालिकाको नर्म्स | फरक |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| बाह्य प्रशिक्षक | २००० | २५०० | ५०० |
| आन्तरिक प्रशिक्षक | १६०० | २००० | ४०० |
| बाहिरि प्रशिक्षक यातायात | | १००० | |
| प्रशिक्षक मासिक | २०००० | ४५००० | |
| स्टेशनरी खर्च | १०० | १५० | ५० |
| खाना खर्च | ३०० | बजार भाउ अनुसार | |
| खाजा खर्च | २०० | ३०० | १०० |
| विविध खर्च | १००० | बिल बमोजिम | |
| सहायक प्रशिक्षक भत्ता | - | १५०० | १५०० |
| संयोजक भत्ता | ६०० | १००० | ४०० |
| प्रतिवेदक भत्ता | १००० | २००० | १००० |
| सहभागि यातायात | २०० | १००० | ८०० |

## अनुसूची

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : टोखा नगरपालिका , काठमाडौं

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | श्री शंकर राज पाठक | २०७८-९-२७ | २०७९-११-२६ |
| कार्यालय प्रमुख | श्री शेर बाहादुर बागचन्द | २०७९-११-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | श्री बिमला ढकाल | २०८०-१०-१२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | श्री ज्ञान बहादुर अधिकारी | २०७७-४-१ | २०८०-१०-१२ |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,२४७,१५८ | २१,६०४,५२४ | १९,८३३,८६४.७७ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४२,६८५,५४६.७७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौट गरी संपरीक्षण भएको रकम रु.** | ४०४,९०७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४२,२८०,६३९.७७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९२५३२७९४९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४५५८१३९४५ | **चालु खर्च** | ५३३९५७२३० |
| **प्रदेश सरकारबाट अनुदान** | ६५४०४३१४ | **पूँजीगत खर्च** | ८६६८२७५६१ |
| **राजश्व बाँडफाँट** | ३२८६०२९३७ | **वित्तीय/अन्य व्यवस्था** | १४३४३७८४१ |
| **आन्तरिक आय** | २७४७५२५३० | | |
| **अन्य आय** | १५९४७३३६७ | | |
| **कुल आय** | १२८४०४७०९३ | **कुल खर्च** | १५४४२२२६३२ |
| **बाँकी मौज्दात** | | | ६६५१५२४१० |